# प्रभाव दैनिक

National Daily

इ-पेपरका लागि

वर्ष १३ | अंक १६४ | काठमाडौं | आइतबार, १८ असोज २०८३ | Prabhab National Daily | Sunday, 04 October 2026 | www.prabhabonline.com | पृष्ठ ६ | मूल्य रू. ५।-


# आजदेखि कांग्रेसको १५औं महाधिवेशन

**▌देशभरबाट सात हजार ७०० प्रतिनिधि सहभागी ▌नीति, संगठन र नेतृत्व बदल्ने कसरत**



यो अधिवेशन नेता चयनभन्दा नीति चयनको अधिवेशनका रूपमा परिणत गर्ने प्रयत्न गर्नेछौं । हामी यो महाधिवेशनबाट बिपीको विचारसँग आधुनिक र प्रविधियुक्त नेपालको परिकल्पना जोड्छौं र अघि बढ्छौं ।

**■ देवराज चालिसे**
प्रवक्ता, नेपाली कांग्रेस




**१५औं महाधिवेशनका लागि काठमाडौंको खुल्लामञ्चमा तयार पारिएको स्टेज ।** *तस्बिरः रासस*

**■ जेबी योञ्जन**

**काठमाडौं–** नेपाली कांग्रेसको १५औं महाधिवेशन आजदेखि काठमाडौंमा सुरु हुँदै छ । राणा शासनविरुद्धको सशस्त्र क्रान्ति, निरंकुश पञ्चायतविरुद्ध आन्दोलन र राजतन्त्र अन्त्यको आन्दोलनमा नेतृत्वदायी भूमिका खेलेको कांग्रेस नीति र नेतृत्व बदल्ने लक्ष्यका साथ महाधिवेशनमा होमिएको हो ।

आठ दशक लामो राजनीतिक इतिहास बोकेको कांग्रेसले यसै महाधिवेशनबाट पार्टीको सांगठनिक संरचनासमेत बदल्ने तयारी गरेको छ । पार्टीका निवर्तमान सभापति शेरबहादुर देउवा समूह भने यो महाधिवेशनमा सहभागी हुने छैन । यद्यपि, देउवालाई महाधिवेशन उद्घाटनका लागि निम्तो दिएको बताइएको छ ।

महाधिवेशनको उद्घाटन आज दिउँसो २ बजे काठमाडौंको खुलामञ्चमा हुने प्रवक्ता देवराज चालिसेले बताए । देशभरबाट महाधिवेशन प्रतिनिधि काठमाडौं आइपुगेका छन् । कांग्रेसले यसपटक सात हजार ७०० प्रतिनिधि सहभागी हुने जनाएको छ । अघिल्लो महाधिवेशनभन्दा प्रतिनिधिको संख्या झण्डै दोब्बरले बढेको छ ।

प्रवक्ता चालिसेले महाधिवेशनको तयारी पूरा भएको जानकारी दिए । शनिबार खुलामञ्चमा आयोजित पत्रकार सम्मेलनमा उनले यसपटकको महाधिवेशनलाई नेतृत्व चयनमामात्रै सीमित नराखेर नीति चयनको अधिवेशन बनाउने प्रयास भइरहेको बताए । 'यो अधिवेशन नेता चयनभन्दा नीति चयनको अधिवेशनका रूपमा परिणत गर्ने प्रयत्न गर्नेछौं,' चालिसेले भने ।

कांग्रेसले बिपी कोइरालाको विचारलाई बदलिएको नेपालको आवश्यकतासँग जोडेर आगामी राजनीतिक बाटो तय गर्ने उनको भनाइ छ । आधुनिक र प्रविधियुक्त नेपालको परिकल्पनालाई बिपीको विचारसँग जोड्ने उद्देश्य रहेको उनले बताए । 'हामी यो महाधिवेशनबाट बिपीको विचारसँग आधुनिक र प्रविधियुक्त नेपालको परिकल्पना जोड्छौं र अघि बढ्छौं,' उनले भने ।

कांग्रेसले १५औं महाधिवेशनलाई विगतका महाधिवेशनभन्दा केही फरक बनाउने दाबी गरेको छ । प्रवक्ता चालिसेका अनुसार यसपटक नेतृत्व चयनसँगै आगामी पाँच वर्षको नीति स्पष्ट बनाउने प्रयास हुने छ । महाधिवेशन उद्घाटनपछि हुने बन्दसत्रमा राजनीतिक, आर्थिक, सामाजिक, सांगठनिक तथा परराष्ट्र नीतिसम्बन्धी विषयमा छलफल हुने छ ।

⏭ क्रमशः पृष्ठ २ मा

## कसको दाबी कुन पदमा ?

**काठमाडौं (प्रस)–** गत वर्षको जेन-जी विद्रोहपछि परिवर्तित राजनीतिक परिस्थितिमा नेपाली कांग्रेसको १५औं महाधिवेशन हुँदै छ । महाधिवेशनले नयाँ नेतृत्व चयन गर्ने छ । पदाधिकारीदेखि केन्द्रीय सदस्यहरू पनि महाधिवेशनले टुंगो लगाउने भएको छ ।

सभापतिमा वर्तमान सभापति गगन थापाको उम्मेदवारी पर्ने निश्चित छ । उनलाई सभापतिमा चुनौती दिनेहरू स्पष्ट भइसकेका छैनन् । तर, विगतमा निवर्तमान सभापति शेरबहादुर देउवानिकट रहेका पूर्वसहमहामन्त्री किशोरसिंह राठोरले सभापतिमा उम्मेदवार दिने तयारी गरेका छन् । उनले प्रभावसँग भने, 'गगन थापाजी सभापतिमा निर्विकल्प होइनन् ।'

राठोरबाहेक अरु क-कसले सभापतिमा उम्मेदवारी दिँदै छन् भन्ने खुलिसकेको छैन । उपसभापतिमा भने वर्तमान उपसभापति विश्वप्रकाश शर्मा र पुष्पा भुसाल मैदानमा रहने तयारीमा छन् । शर्मा उपसभापतिमै दोहोरिने निश्चितजस्तै देखिएका छन् । भुसालले पनि आफू उपसभापतिमै उम्मेदवारी दिने तयारीमा रहेको बताएकी छन् । उपसभापतिको दौडमा सहमहामन्त्री फरमुल्लाह मन्सुर, निवर्तमान सहमहामन्त्री महालक्ष्मी उपाध्याय 'डिना' र नेता चन्द्र भण्डारीलगायतको नाम चर्चामा छ । यस पदमा आकांक्षीको संख्या अझ बढ्न सक्ने नेताहरू बताउँछन् ।

महामन्त्रीमा भने कांग्रेसभित्र सबैभन्दा धेरै आकांक्षी देखिएका छन् । वर्तमान महामन्त्री प्रदीप पौडेल र गुरुराज घिमिरे पुनः महामन्त्रीमै प्रतिस्पर्धा गर्ने तयारीमा छन् । सहमहामन्त्री उदयशमशेर राणा र बहादुरसिंह लामाले पनि महामन्त्रीमा दाबी गरेका छन् ।

⏭ क्रमशः पृष्ठ २ मा

**सभापति**
गगन थापा र किशोरसिंह राठौर

**उपसभापति (२ जना)**
विश्वप्रकाश शर्मा, पुष्पा भुसाल, फरमुल्लाह मन्सुर, महालक्ष्मी उपाध्याय 'डिना', चन्द्र भण्डारीलगायत

**महामन्त्री (२ जना)**
प्रदीप पौडेल, गुरूराज घिमिरे, उदयशमशेर राणा, बहादुरसिंह लामा, नैनसिंह महर, देवराज चालिसे, मधु आचार्य, सुनिल शर्मा, अमरसिंह पुन, आङ्गेलु शेर्पालगायत

**सहमहामन्त्री (८ जना)**
महेन्द्र यादव, जीवन परियार, प्रतिमा गौतमलगायत

**सन्दर्भः वैदेशिक रोजगार**

# म्यानपावरका शाखा कार्यालयलाई जिम्मेवार बनाउन विभागको निर्देशन

## जिम्मेवार नबन्ने शाखाको अनुमति रद्द गर्ने चेतावनी

- ⏭ म्यानपावर कम्पनीका शाखा कार्यालयहरूले श्रमिकलाई आवश्यक सूचना तथा जानकारी नदिएको गुनासो
- ⏭ श्रमिकलाई स्पष्ट जानकारी दिएर जवाफदेही र जिम्मेवार बन्न निर्देशन
- ⏭ सम्बन्धित म्यानपावरको मुख्य कार्यालयमा जानकारी गराउँदा शाखाबाट भएका कामको जिम्मेवारी नलिने भन्दै गैरजिम्मेवार जवाफ दिएको पाइएकोप्रति विभागको चासो
- ⏭ शाखा कार्यालयबाट प्रदान गर्नुपर्ने सेवाबाट पन्छिने, सहजीकरण नगर्ने तथा श्रमिकलाई झूटो आश्वासन दिने काम भएमा त्यसको जिम्मेवार सम्बन्धित म्यानपावर हुनुपर्ने




**■ प्रभाव संवाददाता**

**काठमाडौं–** वैदेशिक रोजगार विभागले श्रमिकप्रति जिम्मेवार नबन्ने म्यानपावरका शाखा कार्यालयको अनुमति रद्द गर्ने चेतावनी दिएको छ । शुक्रबार एक सूचना जारी गर्दै विभागले म्यानपावरका शाखा कार्यालयहरूले श्रमिकलाई आवश्यक सूचना तथा जानकारी नदिएको गुनासो आएको भन्दै उक्त चेतावनी दिएको हो ।

विभागले वैदेशिक रोजगारीको प्रक्रिया अघि बढाएका श्रमिकलाई स्पष्ट जानकारी दिएर जवाफदेही र जिम्मेवार बन्न इजाजतपत्र प्राप्त संस्थालाई भनेको छ । वैदेशिक रोजगारीका लागि शाखा कार्यालयबाट आवेदन दिएका व्यक्तिले आफ्नो आवेदनको अवस्थाको बारेमा बुझ्न खोज्दा 'हामीलाई थाहा छैन', 'काठमाडौंमा मुख्य कार्यालयमा बुझ्नुहोस्' भन्ने जवाफ दिने गरेको गुनासो प्राप्त भएको विभागले जनाएको छ ।

शाखा कार्यालयका कर्मचारीको यस्तो व्यवहारले आफ्नो आवेदनसम्बन्धी जानकारी लिन काठमाडौं धाउनपर्ने अवस्था सिर्जना भएको पीडितले विभागसमक्ष बताएका छन् । शाखा कार्यालयको यस्तो व्यवहारले श्रमिकलाई अनावश्यक झण्झट र समयको भार थपेको जनाइएको छ ।

शाखा कार्यालयबाट वैदेशिक रोजगारीमा पठाउने प्रक्रिया सुरु गरेकाहरूलाई लामो समयसम्म नपठाइएको विषयमासमेत गुनासो प्राप्त भएको विभागले जनाएको छ । यस विषयमा श्रमिकले सम्बन्धित म्यानपावरको मुख्य कार्यालयमा जानकारी गराउँदा शाखाबाट भएका कामको जिम्मेवारी नलिने भन्दै गैरजिम्मेवार जवाफ दिएको पाइएको विभागको भनाइ छ ।

यस्तो अवस्थामा रोजगारीका लागि आवेदन दिने श्रमिक तथा सेवाग्राहीको इजाजतपत्रप्राप्त संस्थाप्रतिको विश्वास घट्न सक्ने विभागले जनाएको छ ।

⏭ क्रमशः पृष्ठ २ मा


**शान्तिपूर्ण समाज निर्माण गरौं**

- शान्ति, सहिष्णुता र भाइचाराको भावना विकास गरौं,
- मतभेदलाई संवाद, सहकार्य र समझदारीबाट समाधान गरौं,
- जाति, धर्म, भाषा, संस्कृति तथा विचारका आधारमा हुने विभेद अन्त्य गरौं,
- बालबालिका, महिला तथा कमजोर वर्गको अधिकार र सुरक्षाको सम्मान गरौं,
- हिंसा, द्वन्द्व, घृणा र वैमनस्यको अन्त्यका लागि योगदान दिऔं,
- सामाजिक तथा सांस्कृतिक विविधताको सम्मान गर्दै सद्भाव काम राखौं,
- परिवार, विद्यालय र समुदायमा शान्ति र अहिंसाको संस्कार विकास गरौं ।

**विश्व शान्ति र मानवताको संरक्षणमा आँनो भूमिका निर्वाह गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड





सुलभ मूल्यमा अन्तर्राष्ट्रिय स्तरको
निः सन्तानपन सम्बन्धी उपचार
HARDIK IVF and Fertility Center
Where Miracles Come to Life
हार्दिक आई.भि.एफ सेन्टर
सिनामंगल ९, काठमाडौं
01-5917982, 9802352811

# कांग्रेस हाँकेका आठ सभापति


टंकप्रसाद आचार्य


बिपी कोइराला


मातृकाप्रसाद कोइराला


शुवर्णशमशेर राणा


कृष्णप्रसाद भट्टराई


गिरिजाप्रसाद कोइराला


सुशील कोइराला


शेरबहादुर देउवा

■ प्रभाव संवाददाता

**काठमाडौं–** राणा शासनविरुद्धको संघर्षबाट स्थापित नेपाली कांग्रेसले आफ्नो करिब आठ दशक लामो राजनीतिक यात्रामा आठ जना सभापति पायो। कांग्रेसको पहिलो सभापति टंकप्रसाद आचार्य हुन्। २००३ सालमा कलकत्ताको भवानीपुरमा भएको महाधिवेशनबाट उनी सभापति बनेका थिए। त्यसपछि बिपी कोइरालाले कांग्रेसको नेतृत्व सम्हाले। कांग्रेस सभापति उनी तीनपटक भए र उनी नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्रीसमेत बने।

मातृकाप्रसाद कोइराला कांग्रेसको कांग्रेसको तेस्रो सभापति बने। उनले दुईपटक पार्टीको नेतृत्व गरे। त्यसपछि सुवर्णशमशेर राणा कांग्रेस सभापति बने। राणा परिवारमा जन्मिएका सुवर्णशमशेर प्रजातान्त्रिक आन्दोलनमा सक्रिय थिए।

पञ्चायतविरुद्धको संघर्षको महत्त्वपूर्ण चरणमा कृष्णप्रसाद भट्टराईले कांग्रेसको नेतृत्व गरे। उनी २०४४ सालमा सभापति बनेका थिए। २०४६ सालको जनआन्दोलनपछि उनी प्रधानमन्त्रीसमेत बने।

त्यसपछि लामो समय कांग्रेसको नेतृत्व गिरिजाप्रसाद कोइरालाले गरे। उनको नेतृत्व बहुदलीय व्यवस्था, माओवादी शान्ति प्रक्रिया र गणतन्त्र स्थापनाको महत्त्वपूर्ण चरणसँग जोडिन्छ।

१२औं महाधिवेशनबाट सुशील कोइराला सभापति बने। २०७२ सालमा संविधान जारी हुँदा उनी प्रधानमन्त्री थिए। १३औं महाधिवेशनबाट शेरबहादुर देउवा सभापति बने। १४औं महाधिवेशनबाट पनि उनी दोस्रो कार्यकालका लागि निर्वाचित भए। गत वर्षको पुस अन्तिम साता विशेष महाधिवेशनबाट उनी नेतृत्वबाट अलग हुनुपर्‍यो, जहाँबाट पार्टी नेतृत्वमा गगन थापा आए। उनकै नेतृत्वमा कांग्रेस आजदेखि १५औं महाधिवेशनमा होमिँदै छ। महाधिवेशनले कांग्रेसको नवौं सभापति चयन गर्ने छ।

# विधि विज्ञान प्रयोगशालालाई आधुनिक बनाउन उपकरण खरिदको तयारी

**काठमाडौं–** विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महावीर पुनले राष्ट्रिय विधि विज्ञान प्रयोगशालालाई आधुनिक बनाउन चालु आर्थिक वर्षमा करिब २० करोड रूपैयाँबराबरका उपकरण खरिद गर्ने तयारी भइरहेको बताएका छन्।

राष्ट्रिय सभाको शुक्रबारको बैठकमा प्रतिनिधिसभाबाट संशोधनसहित फिर्ता आएको 'राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र सञ्चालन) विधेयक, २०८१' माथि उठेका प्रश्नको जवाफ दिँदै उनले प्रयोगशालालाई आधुनिक र सक्षम बनाउन आवश्यक उपकरण खरिद तथा भौतिक पूर्वाधार निर्माणको काम अघि बढाइएको जानकारी दिए।

मन्त्री पुनले विधि विज्ञान प्रयोगशालाको क्षमता कमजोर रहेको कुरा भोटेकोशी बाढीपछि बेपत्ता भएका व्यक्तिको पहिचानका लागि डिएनए परीक्षण गर्नुपर्दा स्पष्ट भएको बताए। बाढीमा ठूलो संख्यामा मानिस बेपत्ता भएपछि उनीहरूको शव तथा आफन्तको डिएनए परीक्षण गर्नुपर्ने अवस्था आए पनि नेपालमा उपलब्ध क्षमताबाट तत्काल परीक्षण गर्न कठिन हुने अवस्था देखिएको उनले बताए।

उनका अनुसार चीन सरकारबाट आधुनिक उपकरणसहित १५ सदस्यीय र भारत सरकारबाट उपकरणसहित १९ सदस्यीय टोली नेपाल आएर डिएनए परीक्षणमा सहयोग गरेका थिए। उक्त क्रममा नेपाल प्रहरी, नास्ट र विधि विज्ञानसम्बन्धी प्रयोगशालामा परीक्षण गरिएको उनले जानकारी दिए। 'यदि हामी आफैंले हाम्रो क्षमताले डिएनए परीक्षण गर्नुपर्ने भएको भए एक वर्षमा पनि नसकिने रहेछ,' मन्त्री पुनले भने।

उनले नास्टमा डिएनए परीक्षण हुँदै आए पनि मुख्यतः वनस्पति तथा जनावरको डिएनए परीक्षण हुने गरेको र मानव डिएनए परीक्षणको अनुभव नभएको बताए। चीनबाट आएको टोलीलाई नास्टमा राखेर मानव डिएनए परीक्षण गरिएको र त्यसबाट नेपाली प्राविधिकलेसमेत सिक्ने अवसर पाएको उनको भनाइ थियो।

मन्त्री पुनले हाल विधि विज्ञान प्रयोगशालाका लागि सरकारले पर्याप्त बजेट विनियोजन नगरेको पनि बताए। चालु आर्थिक वर्षमा विधि विज्ञान प्रयोगशालाको सञ्चालनका लागि १८ करोड रूपैयाँ विनियोजन भएको र त्यसको अधिकांश हिस्सा कर्मचारीको तलबभत्तालगायतमा खर्च हुने उनले जानकारी दिए।

प्रयोगशालाको आधुनिकीकरणका लागि आवश्यक उपकरण खरिद गर्न करिब २० करोड रूपैयाँको बजेट माग गरिएको र उक्त रकमबाट आवश्यक उपकरण खरिद गर्ने प्रक्रिया अघि बढाइएको उनले बताए। उनले काठमाडौंमा आधुनिक विधि विज्ञान प्रयोगशाला निर्माणका लागि नास्ट परिसरमा जग्गा व्यवस्थापन गर्ने तयारी भइरहेको र भवनको डिजाइनसमेत अघि बढेको जानकारी दिए। भवन निर्माणमा न्यूनतम छ-सात करोड रूपैयाँ लाग्ने प्रारम्भिक अनुमान रहेको उनले बताए।

'काठमाडौंमा भवन छैन, जग्गा पनि छैन। अब नास्टभित्रै जग्गा लिएर ठूलो भवन बनाउने योजना बनाएका छौं,' उनले भने। मन्त्री पुनका अनुसार हाल चार प्रदेशमा विधि विज्ञान प्रयोगशालाका एकाइ रहे पनि ती साना तथा भाडाका भवनमा सञ्चालन भइरहेका छन्। अब ती प्रयोगशालालाई आधुनिकीकरण गर्नुका साथै बाँकी तीन प्रदेशमासमेत प्रयोगशाला विस्तार गर्ने योजना रहेको छ।

उनले विधि विज्ञान प्रयोगशालाको स्थापना र सञ्चालनसम्बन्धी कानुन बनेसँगै संस्थाले आफ्नै नाममा जग्गा प्राप्त गरी आवश्यक पूर्वाधार निर्माण गर्न सक्ने बाटो खुलेको बताए।

### डिएनए डाटा बैंक सुरक्षित राखिने

मन्त्री पुनले डिएनए परीक्षणसँग सम्बन्धित तथ्यांक अत्यन्त संवेदनशील भएकाले सुरक्षित राख्नुपर्ने बताए। विधायन व्यवस्थापन समितिमा विधेयकमाथि छलफलका क्रममा करिब चार-पाँच दिन डिएनए सुरक्षासम्बन्धी विषयमामात्रै छलफल भएको उनले जानकारी दिए।

डिएनए तथ्यांकका लागि छुट्टै 'डिएनए डेटा बैंक' आवश्यक रहेको उल्लेख गर्दै उनले त्यस्तो तथ्यांकलाई डिजिटल रूपमा सुरक्षित राख्ने व्यवस्था गर्नुपर्ने बताए। उनले नेपाली नागरिकको डिएनए तथ्यांक विदेशीलाई उपलब्ध गराउने भन्ने विषयमा चलेका चर्चाबारे पनि स्पष्ट पारे। नेपाली नागरिकको डिएनए डेटा विदेशीलाई उपलब्ध गराउने वा चुहाउने व्यवस्था नरहेको उनको भनाइ थियो।

भोटेकोशी बाढीमा विभिन्न मुलुकका विदेशी नागरिकसमेत बेपत्ता भएकाले उनीहरूको पहिचानका लागि आवश्यक पर्ने डिएनए तथ्यांक सम्बन्धित कानुन तथा नियमअनुसार उपलब्ध गराउने विषय भने फरक रहेको उनले बताए। मन्त्री पुनले विधेयक लामो छलफलपछि आएको उल्लेख गर्दै कुनै पनि कानुन पूर्ण नहुने भएकाले आवश्यकता र अनुभवका आधारमा भविष्यमा संशोधन गर्दै लैजान सकिने बताए। *रासस*

## पृष्ठ १ बाट क्रमशः

## आजदेखि कांग्रेसको...

सभापति गगनकुमार थापाले आगामी पाँच वर्षका लागि कांग्रेसको राजनीतिक दिशा समेटिएको कार्यपत्र प्रस्तुत गर्ने तयारी गरेका छन्। त्यसमा अर्थतन्त्र, उत्पादन, रोजगारी, परराष्ट्र नीति र शासन व्यवस्थासम्बन्धी विषय समेटिने कांग्रेसले जनाएको छ। उपसभापति विश्वप्रकाश शर्माले पनि समसामयिक राजनीतिक परिस्थितिसम्बन्धी प्रतिवेदन प्रस्तुत गर्ने कार्यक्रम छ।

कांग्रेसभित्र लामो समयदेखि महाधिवेशनलाई नेतृत्व चयनमा बढी केन्द्रित गरिएको र नीति बहस कमजोर भएको आलोचना हुँदै आएको छ। यसपटक पार्टी नेतृत्वले भने महाधिवेशनलाई नीति निर्माणको थलो बनाउने बताएको छ।

### सांगठनिक संरचना बदल्ने तयारी

१५औं महाधिवेशनले कांग्रेसको नेतृत्वमात्रै होइन, सांगठनिक संरचनासमेत परिवर्तन गर्ने भएको छ। महामन्त्री प्रदीप पौडेल नेतृत्वको विधान संशोधन समितिले पार्टीका विभिन्न तहबाट सुझाव संकलन गरेको छ। पदाधिकारी संख्या बढाउनुपर्ने प्रस्तावसमेत समितिमा पुगेको छ। विशेषगरी युवालाई पार्टीको माथिल्लो नेतृत्वमा ल्याउनुपर्ने, महिलाको प्रतिनिधित्व बढाउनुपर्ने र खुला सहमहामन्त्रीको व्यवस्था गर्नुपर्ने सुझाव आएको नेताहरूले बताएका छन्।

विधान संशोधन समितिका सदस्यसचिव प्रताप पौडेलले युवा र महिलाको प्रतिनिधित्व बढाउन दबाब रहेको बताएका छन्। उनले भनेका छन्, 'यो पटक ३५ वर्षमुनिका युवाको ठूलो संख्या प्रवेश भएको छ। उनीहरूलाई समेत पदाधिकारीमा ल्याउनुपर्ने सुझाव आएको छ।'

हालको विधानमा एक सभापति, दुई उपसभापति, दुई महामन्त्री र विभिन्न क्लस्टरबाट आठ सहमहामन्त्री निर्वाचित हुने व्यवस्था छ। सभापतिले थप तीन सहमहामन्त्री र एक कोषाध्यक्ष मनोनयन गर्न सक्ने व्यवस्था पनि छ। अब उपसभापति, महामन्त्री र सहमहामन्त्रीको संख्या थप्ने विषयमा छलफल भइरहेको बताइएको छ। यद्यपि, विधान संशोधनका सबै प्रावधान यही महाधिवेशनबाट कार्यान्वयन हुन्छन् वा केही व्यवस्था आगामी महाधिवेशनबाट लागू हुन्छन् भन्ने टुंगो लाग्न बाँकी छ।

यसबीच प्रतिनिधि दर्ताको काम पनि सुरु भइसकेको छ। ललितपुरको सानेपास्थित पार्टी केन्द्रीय कार्यालयमा प्रदेशअनुसार छुट्टाछुट्टै स्थानबाट नाम दर्ता भइरहेको हो। प्रत्येक प्रतिनिधिले तीन हजार ५०० रूपैयाँ दर्ता शुल्क बुझाउनुपर्ने व्यवस्था गरिएको छ। दर्तापछि प्रतिनिधिलाई झोला, पार्टी विधान, डायरी, कलम, परिचयपत्र र खाना तथा खाजाका कुपन उपलब्ध गराइएको छ। महाधिवेशन प्रतिनिधिलाई महाधिवेशनसम्बन्धी सूचना क्युआर कोड र एसएमएसमार्फत उपलब्ध गराउने व्यवस्था पनि गरिएको छ।

कांग्रेसले प्रतिनिधिको बसोबासका लागि गौशाला, कोटेश्वर, ठमेल, लाजिम्पाट, नयाँ बसपार्क, बालाजु, सुन्धारा र कलंकी क्षेत्रका होटलसँग समन्वय गरेको छ। तर, होटल खर्च प्रतिनिधिले आफैं बेहोर्नुपर्ने छ। विदेशबाट आउने पाहुनाको आवास खर्च भने पार्टीले बेहोर्ने जनाएको छ।

प्रतिनिधिका लागि बिहान र दिउँसोको खाना पार्टीले उपलब्ध गराउने व्यवस्था गरिएको छ। महाधिवेशनस्थलमा स्वास्थ्य सेवाका लागि चिकित्सक, नर्स र पारामेडिक्ससहित 'हेल्थ डेस्क' पनि राखिने भएको छ। आकस्मिक अवस्थाका लागि एम्बुलेन्ससमेत तयारी अवस्थामा राखिने कांग्रेसले जनाएको छ।

### प्रमुख अतिथिमा देउवालाई निम्तो

१५औं महाधिवेशनको अर्को चासो निवर्तमान सभापति देउवाको सहभागिता हो। सभापति थापाले देउवालाई उद्घाटन समारोहमा प्रमुख अतिथिका रूपमा सहभागी हुन निमन्त्रणा पठाएका छन्। निमन्त्रणापत्र बोकेर कांग्रेसका सहमहामन्त्री योगेन्द्र चौधरीसहितका नेता देउवा निवास पुगेका थिए। तर, उनीहरूले देउवालाई भेट्न सकेनन्। निमन्त्रणापत्र निवासमा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीमार्फत बुझाइएको थियो।

चौधरीका अनुसार थापाले देउवाकै प्रमुख आतिथ्यतामा महाधिवेशन उद्घाटन गराउने इच्छा व्यक्त गरेका छन्। तर, देउवा छुट्टै महाधिवेशन गर्न अगाडि बढेकाले संस्थापनपक्षको महाधिवेशन उद्घाटनमा नआउने निश्चितजस्तै देखिन्छ। देउवा समूहले आगामी मंसिरमा १५औं महाधिवेशन गर्ने तय गर्दै वडा अधिवेशन सुरु गरिसकेको छ।

कांग्रेसको महाधिवेशन आज उद्घाटन भएपछि असोज १९ र २० गते बन्दसत्र सञ्चालन गर्ने तयारी छ। त्यसपछि असोज २१ र २२ गते नेतृत्व चयनका लागि निर्वाचन प्रक्रिया अघि बढाइने कार्यतालिका बनाइएको छ। त्यसैले आजदेखि सुरु हुने १५औं महाधिवेशन कांग्रेसका लागि अर्को आवधिक महाधिवेशनमात्रै होइन।

### परिवर्तनको मूल शक्ति

नेपाली कांग्रेसको जन्म नै राजनीतिक परिवर्तनका लागि भएको थियो। राणा शासनविरुद्ध आन्दोलन गरिरहेका राजनीतिक शक्तिहरूको एकीकरणबाट नेपाली कांग्रेस स्थापना भएको कांग्रेसको इतिहासबारे जानकार डा. जगत नेपालले बताए। उनका अनुसार २००६ सालमा नेपाली राष्ट्रिय कांग्रेस र नेपाल प्रजातन्त्र कांग्रेसबीच एकता भएपछि नेपाली कांग्रेस बनेको हो।

त्यसको केही समयपछि २००७ सालको जनक्रान्ति भयो। राणाशासन समाप्त भयो। देशमा प्रजातन्त्र स्थापना भयो। २०१५ सालमा भएको पहिलो आमनिर्वाचनमा कांग्रेसले बहुमत प्राप्त गर्‍यो। बिपी कोइराला नेपालको पहिलो जननिर्वाचित प्रधानमन्त्री बने।

तर, २०१७ सालमा तत्कालीन राजा महेन्द्रले निर्वाचित सरकार हटाउँदै पञ्चायती व्यवस्था सुरु गरे। कांग्रेस फेरि सडक र संघर्षमा पुग्यो। तीन दशक लामो पञ्चायती शासनविरुद्ध कांग्रेस निरन्तर संघर्षमा रह्यो। २०४६ सालको जनआन्दोलनपछि बहुदलीय व्यवस्था पुनःस्थापित भयो। त्यसपछि पनि कांग्रेसको आन्दोलन रोकिएन।

तत्कालीन राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन हातमा लिएपछि कांग्रेससहित सात दल आन्दोलनमा उत्रिए। २०६२/६३ को जनआन्दोलनपछि प्रतिनिधिसभा पुनःस्थापना भयो। त्यसपछि शान्ति प्रक्रिया, संविधानसभा निर्वाचन र गणतन्त्र स्थापनाको बाटो खुल्यो। २०६५ जेठ १५ गते संविधानसभाको पहिलो बैठकले नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र घोषणा गर्‍यो।

राणा शासन हटाउने आन्दोलनदेखि राजतन्त्र अन्त्यसम्मका राजनीतिक परिवर्तनमा आफ्नो भूमिका रहेको कांग्रेसले आफ्नो आधिकारिक इतिहासमा उल्लेख गर्दै आएको छ। अब भने कांग्रेससामु व्यवस्था परिवर्तनभन्दा आफूलाई परिवर्तन गर्ने चुनौती रहेको डा. नेपालले बताए। 'राणा शासनविरुद्ध जन्मिएको, पञ्चायतविरुद्ध संघर्ष गरेको र राजतन्त्र अन्त्यसम्मको राजनीतिक यात्रामा जोडिएको कांग्रेस अब आफ्नै संगठन, विचार र नेतृत्व कति बदल्न सक्छ भन्ने परीक्षा पनि यही महाधिवेशनले लिने छ,' डा. नेपालले प्रभावसँग भने।

■ ■ ■

## कसको दाबी...

त्यस्तै पूर्वनेविसंघ अध्यक्ष नैनसिंह महर, देवराज चालिसे, मधु आचार्य, सुनिल शर्मा, अमरसिंह पुन र आङ्गेलु शेर्पालगायत महामन्त्रीका आकांक्षी छन्। सहमहामन्त्रीमा पनि वर्तमान र निवर्तमान पदाधिकारीबीच प्रतिस्पर्धा हुने देखिएको छ। निवर्तमान सहमहामन्त्री महेन्द्र यादव र जीवन परियार भने पुनः सहमहामन्त्रीमा आउने तयारीमा छन्। केन्द्रीय सदस्य प्रतिमा गौतमले पनि सहमहामन्त्रीमा उम्मेदवारी घोषणा गरेकी छन्।

संसदीय दलका नेता तथा निवर्तमान सहमहामन्त्री भीष्मराज आङ्देम्बेले भने अहिलेसम्म कुनै पदमा दाबी गरेका छैनन्। नयाँ विधानअनुसार कांग्रेसमा एक सभापति, दुई उपसभापति, दुई महामन्त्री, ११ सहमहामन्त्री र एक कोषाध्यक्ष गरी १७ पदाधिकारी रहने छन्। तीमध्ये १३ पदाधिकारी निर्वाचित हुने छन्। त्यसैले १५औं महाधिवेशनमा पदाधिकारीका लागि नेताहरूको दौड थप रोचक बन्ने देखिएको छ।

■ ■ ■

## शाखा कार्यालयलाई...

साथै, वैदेशिक रोजगार प्रक्रियाको पारदर्शिता र जवाफदेहितामा समेत प्रतिकूल असर पर्न सक्ने विभागको ठहर छ।

सूचनामार्फत विभागले शाखा कार्यालयबाट सेवा लिन आउने श्रमिकलाई आवश्यक सूचना नदिने, गलत वा अपूर्ण सूचना दिने, आवेदनको अवस्थाबारे जानकारी नदिने तथा अनावश्यक रूपमा दुःख दिने काम नगर्न सचेत गराएको छ।

त्यस्तै, शाखा कार्यालयबाट प्रदान गर्नुपर्ने सेवाबाट पन्छिने, सहजीकरण नगर्ने तथा श्रमिकलाई झूटो आश्वासन दिने काम भएमा त्यसको जिम्मेवार सम्बन्धित इजाजतपत्रवाला संस्था नै हुने विभागले स्पष्ट पारेको छ। रोजगारीमा जान खोजेका व्यक्तिले माग्ने सूचना समयमा उपलब्ध गराउने व्यवस्था मिलाउन पनि शाखा कार्यालयलाई निर्देशन दिइएको छ।

विभागका अनुसार श्रमिकले आवश्यक कागजात, रोजगारदाता, रोजगारीको अवस्था, भिसा, रोजगार सम्झौता, श्रम स्वीकृतिलगायतका जानकारी माग्दा इजाजतपत्र प्राप्त संस्थाले स्पष्ट र सही सूचना दिनुपर्ने छ। श्रमिकले जान्न खोजेको विषयमा सही सूचना नदिने इजाजतपत्र प्राप्त संस्थामाथि वैदेशिक रोजगार ऐन, २०६४, वैदेशिक रोजगार नियमावली, २०६४ तथा प्रचलित कानुनबमोजिम कारबाही गर्ने विभागले प्रस्ट पारेको छ।


**होम डेजिङ प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !**

*प्रकाशित मिति २०८३/०६/१७ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७२/०६/०७ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **होम डेजिङ प्रा.लि. (प्रा.लि.नं.१४०४६६)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा नं.१२६ बमोजिम मिति २०८३/०६/०५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३

**यल चाइ प्रा.लि. को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !**

*प्रकाशित मिति २०८३/०६/१७ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०८०/०९/१६ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **यल चाइ प्रा.लि. (प्रा.लि.नं. ३२६३८८)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/१६ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३

**तु-आवश्यकता**

**यस कम्पनीका लागि निम्न कर्मचारीहरू आवश्यकता भएकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथाशीघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ।**

1. Documentation Oficer - 2, Female (Mofa/Dofe) तथा म्यानपावर साउदीका लागि डकुमेन्टेसनमा दक्ष व्यक्ति।
2. Receptionist -2 Female, राम्रो Communication Skill तथा साउदी देशका लागि व्यास्थापनमा दक्ष व्यक्ति भएको।
3. Office Secretary - 2, MBC, Demand Set तथा Mofa/Dofe सम्बन्धी कार्यमा दक्ष।
4. Accountant - 1 म्यानपावर कम्पनी सम्बन्धी लेखा तथा प्रशासनिक कार्यमा दक्ष।

नोटः +2 Passed, अङ्ग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने, म्यानपावर क्षेत्रमा Accountant सम्बन्धी अनुभव भएकोलाई विशेष प्राथमिकता दिइने छ।

★ तलबः योगयता तथा अनुभवअनुसार Negotiable
★ आवेदन तल दिइएको ठेगानामा पठाउन सकिनेछ।

LIC No. 1082/073/74

**NEPAL HR SOLUTION PVT. LTD.**
Kalimatidol-9, Sinamangal, Kathmandu, Nepal, Mob : 9852651444, Tel: 01-01-4593555/4593554
E-mail : snepalhr@gmail.com/info@nepalhrsolution.com, Web: www.nepalhrsolution.com

**महेन्द्र कन्सल्टेन्सी प्रा.लि. को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !**

*प्रकाशित मिति २०८३/०६/१७ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/१२/०५ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **महेन्द्र कन्सल्टेन्सी प्रा.लि. (प्रा.लि.नं. १८५९५७)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/०५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३

**सजिलो सप्लार्यस एण्ड ट्रेनिङ्ग प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !**

*प्रकाशित मिति २०८३/०६/१७ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/०४/१७ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **सजिलो सप्लार्यस एण्ड ट्रेनिङ्ग प्रा.लि.(प्रा.लि.नं. २३९२५४)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/१६ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३



**सिँगारिँदै मैतीदेवी मन्दिर** | दसैं–तिहार नजिकिएसँगै काठमाडौं महानगरपालिका–३० स्थित मैतीदेवी मन्दिर परिसरमा रङरोगन तथा सिँगार्ने काम हुँदै। दसैंका बेला विशेष पूजाआराधना गरिने मैतीदेवी काठमाडौंका प्रमुख शक्तिपीठमध्ये एक हो। *तस्बिरः रासस*

# संघका प्रथम उपाध्यक्ष बस्नेतलाई 'एम्बासडर फर पिस' सम्मान

**काठमाडौं (प्रस)–** नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रथम उपाध्यक्ष महेशकुमार बस्नेत 'एम्बासडर फर पिस'बाट सम्मानित भएका छन्।

संयुक्त राष्ट्रसंघको युनिभर्सल पिस फेडेरेसन (युपिएफ)ले बस्नेतलाई बस्नेतलाई विश्व शान्ति, अन्तर्राष्ट्रिय सद्भाव, पारिवारिक मूल्य र अन्तरधार्मिक सहकार्य प्रवर्द्धनमा पुऱ्याएको योगदानका लागि उक्त सम्मान



गरेको जनाएको छ। सम्मानपत्रमा बस्नेतलाई शान्ति र सद्भावमा योगदान गर्ने व्यक्ति भनेर उल्लेख गरिएको छ।

यो जिम्मेवारीमार्फत विश्वमा शान्ति, अमन चयन, सद्भाव र सहकार्य प्रवर्दनमा महत्त्वपूर्ण भूमिका खेल्ने भन्दै संघले प्रथम उपाध्यक्ष बस्नेतलाई सफल कार्यकालको शुभकामना व्यक्त गरेको छ। बस्नेत ग्लोबल राइजिङ ग्रुपका अध्यक्ष हुन्।

# 'सडक दुर्घटना घटाउनु चालकदेखि नागरिकसम्मको जिम्मेवारी'

**काठमाडौं (प्रस)–** काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख सुशीलसिंह राठौरले सडक दुर्घटना न्यूनीकरणमा सवारी चालक, ट्राफिक प्रहरी र आम नागरिकको भूमिका महत्त्वपूर्ण हुने बताएका छन्। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयले शनिबार यहाँ 'सुरक्षित समाज, सुदृढ समाजः डेटामा आधारित सुशासनको अनुभव आदानप्रदान' शीर्षकमा आयोजना गरेको छलफलमा उनले चालकको लापरवाहीले चालक स्वयंका साथै परिवार र अन्य सडक प्रयोगकर्ताको जीवनमासमेत गम्भीर असर पार्ने भएकाले सवारी सञ्चालनमा जिम्मेवार हुनुपर्नेमा जोड दिए।

सडक सुरक्षासम्बन्धी भारतका जानकार वेंकटेश वालासूत्रपणीयनले चालक सचेत एवं



जिम्मेवार र भएमा सडक दुर्घटना घटाउन सकिने बताए। काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रमुख सुरेशप्रसाद काफ्लेले सडक दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीले चेतनामूलक विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिए। कार्यक्रममा उपत्यका ट्राफिक प्रहरी कार्यालय मातहतका प्रहरी अधिकृत र सञ्चारकर्मीको सहभागी थिए।

# कामपाको चिठी अब हुलाकमा

**काठमाडौं (प्रस)–** काठमाडौं महानगरपालिकाले अब हुलाकबाट चिठी पठाउनका लागि गोश्वारा हुलाकसँग सम्झौता गरेको छ। कामपाले गोश्वारा हुलाक कार्यालय डिल्लीबजारसँग सम्झौता गरेर विभिन्न निकाय तथा व्यक्तिलाई पत्र, प्रतिवेदन, निमन्त्रणा, प्रमाणपत्र तथा पार्सललगायत हुलाक वस्तु पठाउन सकिने व्यवस्था गरेको हो।

कामपा प्रशासन विभागका प्रमुख महेश काफ्लेका अनुसार कामपाबाट हुने पत्राचारलाई व्यवस्थित, सुरक्षित र तोकिएको समयभित्र सम्बन्धित प्राप्तकर्तासम्म पुऱ्याउन हुलाक सेवाको प्रयोग गरिने छ। कामपाका विभाग, महाशाखा, सचिवालय, एकाइ र आयोजनाबाट चलानी हुने पत्रलाई केन्द्रीय सम्पर्क एकाइमा संकलन गरिने जनाउँदै उनले यसरी प्राप्त भएका पत्रलाई सम्बन्धित निकाय, जिम्मेवार पदाधिकारी वा कर्मचारीको ठेगाना र सम्पर्क विवरणसहित हुलाक कार्यालयलाई उपलब्ध गराइने बताए।

'हुलाक कार्यालयले महानगरबाट प्राप्त हुलाक वस्तु प्रणालीमा प्रविष्ट गरी वर्गीकरण गर्ने, पठाउने वा



डेलिभरी एजेन्टमार्फत सम्बन्धित प्राप्तकर्तालाई बुझाउने छ। वितरणपछि प्राप्त हुने भर्पाइ महानगरपालिकालाई उपलब्ध गराउने र सेवाबापतको मासिक बिलसमेत पेस गर्ने व्यवस्था सम्झौतामा उल्लेख गरिएको छ,' विभागका प्रमुख काफ्लेले भने।

सम्झौताअनुसार कामपा क्षेत्रभित्र अत्यन्त जरुरी पत्र तथा हुलाक वस्तुका लागि 'सेम डे' (उही दिन) सेवा उपलब्ध हुने छ। यस्तो सेवामा बढीमा दुई किलोसम्मका हुलाक वस्तु समावेश हुने छन्। त्यसैगरी दुई किलोसम्मका पत्र वा अन्य सामानका लागि रजिस्ट्री सेवा तथा आवश्यकताअनुसार एक्सप्रेस मेल सर्भिस (द्रुत डाँक सेवा), पार्सललगायत अन्य सेवा प्रयोग गरिने काफ्लेले जानकारी दिए।

रजिस्ट्री तथा पार्सलतर्फका वस्तु अर्को दिन वितरण गर्ने व्यवस्था गरिएको प्रमुख काफ्लेले जानकारी दिए। कामपाका क्षेत्रबाहेक काठमाडौं जिल्लाका अन्य स्थानीय तह तथा ललितपुर र भक्तपुरका हकमा रजिस्ट्री सेवाअन्तर्गत अर्को दिन हस्तान्तरण गरी सम्भव भएसम्म सोही दिन वा अर्को दिन वितरण गरिने सम्झौतामा उल्लेख छ। अन्य जिल्लाका लागि प्रचलित हुलाक सेवाको डाँक सञ्चालन तालिकाअनुसार सेवा हुने छ।

सम्झौतामा हुलाक वस्तु हराउने, च्यातिने वा टुटफुट हुने जोखिम न्यूनीकरणका लागि महानगरपालिकाले सुरक्षित प्याकेजिङ गर्नुपर्ने र हुलाक कार्यालयले प्राप्तिदेखि वितरणसम्म उच्च सावधानी अपनाउनुपर्ने उल्लेख छ। प्राप्तकर्ताले वस्तु बुझ्न नमानेमा वा वितरण हुन नसकेमा सम्बन्धित हुलाक वस्तु कामपाको सम्पर्क एकाइमा फिर्ता हुने छ। यो सम्झौता एक वर्षका लागि गरिएको उनले जानकारी दिए।

नयाँ भवन ऐन

# गरिब तथा विपन्न नागरिकलाई आवास सुनिश्चित गर्ने प्रस्ताव

**काठमाडौं–** पूर्वाधार विकास मन्त्रालयले गरिब तथा विपन्न नागरिकको आवास सुनिश्चित गर्न संघीय सरकारबाट ५० हजार रूपैयाँ र प्रदेश सरकारबाट २५ हजार रूपैयाँ गरी कूल ७५ हजार रूपैयाँसम्म अनुदान उपलब्ध गराउने व्यवस्थासहित भवन ऐन, २०८३ को विधेयक संघीय संसद् सचिवालयमा दर्ता गराएको छ।

भवन ऐन, २०५५ लाई संशोधन गर्न बनेको विधेयकमा प्रत्येक नागरिक र उनका परिवारका लागि आवास सुनिश्चित गर्ने उद्देश्यले विभिन्न व्यवस्था प्रस्ताव गरिएको मन्त्रालयले प्रेस नोटमार्फत जनाएको छ।

विधेयकमा निम्न आय भएका परिवारको आवासको ग्यारेन्टी तथा मध्यम आय भएका परिवारका लागि सुरक्षित र व्यवस्थित आवास सुनिश्चित गर्ने व्यवस्था प्रस्ताव गरिएको छ। पहिलोपटक घर निर्माण गर्ने नेपाली नागरिकलाई सरकारले तोकेको डिजाइन तथा मापदण्डअनुसार घर निर्माण गर्न आवश्यक नदीजन्य तथा प्रकृतिजन्य निर्माण सामग्री निःशुल्क उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ। गोठ निर्माणका लागि निवेदन दिने नागरिकलाई समेत आवश्यक प्रकृतिजन्य सामग्री निःशुल्क उपलब्ध गराउने व्यवस्था समेटिएको छ।

विपद्प्रभावित, असुरक्षित तथा जोखिमपूर्ण बस्तीलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी सरकारले नयाँ घर निर्माण गरिदिने व्यवस्था पनि विधेयकमा




प्रस्ताव गरिएको छ। नयाँ भवन ऐन तथा नियमावलीमा मध्यम आय भएका नागरिकका लागि सुरक्षित, भूकम्प प्रतिरोधात्मक तथा आधारभूत मापदण्ड पूरा भएका स्मार्ट घर निर्माण तथा उपलब्ध गराउने व्यवस्था प्रस्ताव गरिएको छ। २० लाखदेखि ७५ लाख रूपैयाँसम्म लागत पर्ने यस्ता घरको प्लिन्थ क्षेत्रफल ९०० देखि एक हजार ३०० वर्गफिटसम्म हुने प्रस्ताव गरिएको छ।

नागरिकले सहुलियतपूर्ण ऋणमार्फत यस्ता घर प्राप्त गर्न सक्ने व्यवस्था प्रस्ताव गरिएको छ। प्रारम्भिकरूपमा पाँच लाख रूपैयाँ अग्रिम भुक्तानी गरी १५ वर्षसम्म मासिक ११ हजार रूपैयाँ किस्ता तिर्नेगरी घर उपलब्ध गराउने व्यवस्था राखिएको छ।

त्यस्तै, १० लाख रूपैयाँ अग्रिम भुक्तानीमा मासिक १५ हजार रूपैयाँ, १५ लाख रूपैयाँ अग्रिममा मासिक २० हजार रूपैयाँ, २० लाख रूपैयाँ अग्रिममा मासिक ३० हजार रूपैयाँ र २५ लाख रूपैयाँ अग्रिममा मासिक ३५ हजार रूपैयाँ किस्ता तिर्ने विकल्पसमेत प्रस्ताव गरिएको छ।

निम्न आय भएका नागरिकको आवासको ग्यारेन्टीदेखि मध्यम आय भएका परिवारका लागि सुरक्षित र व्यवस्थित घरको सुनिश्चिततासम्मका व्यवस्था समेट्दै हरेक नेपाली नागरिकको आवासको अधिकार कानुनीरूपमा सुनिश्चित गर्ने उद्देश्यले विधेयक ल्याइएको मन्त्रालयले जनाएको छ। *रासस*


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/१८ गते**

यस कम्पनीको मिति २०८०/०७/१५ को विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **लिडरसिप एकेडेमी नेपाल एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्ट प्रा.लि.(Leadership Academy Nepal At Asian Institute Of Technology And Mangement Pvt.Ltd)** नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०९/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिडरसिप एकेडेमी नेपाल प्रा.लि.(Leadership Academy Nepal Pvt.Ltd ) (प्रा.लि.नं. १६७५०३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**दोस्रो पटक प्रकाशित मिति : २०८३/०६/१८ गते**

यस कम्पनीको मिति २०८०/०७/१५ को विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **लिडरसिप एकेडेमी नेपाल एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी एण्ड म्यानेजमेन्ट प्रा.लि.(Leadership Academy Nepal At Asian Institute Of Technology And Mangement Pvt.Ltd)** नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८०/०९/१३ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **लिडरसिप एकेडेमी नेपाल प्रा.लि.(Leadership Academy Nepal Pvt.Ltd ) (प्रा.लि.नं. १६७५०३)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ।



## हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०६५/११/१८ मा दर्ता कायम भएको **कान्तिपुर सर्टिङ्ग सुटिङ्ग कलेक्सन प्रा.लि.** (प्रा.लि.नं.६०७८२/०६५/०६६) लाई खारेजी लिक्वटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०८३/०६/१२ गतेको विशेष बैठकले निर्णय गरेकोले यस कम्पनीले तिर्न बेहोर्नु पर्ने ऋण, धन, एवम् कोही कसैको बाँकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबी गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र लिक्विडेटरको कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**श्री श्रवण कुमार श्रेष्ठ (लिक्विडेटर)**
**इजाजत पत्र नं.४०४, फोन नं.९८५१२१७००४**

## पुतलीदेवी प्रकाशन प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

*प्रकाशित मिति २०८३/०६/१७ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७६/०८/२५ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **पुतलीदेवी प्रकाशन प्रा.लि. (प्रा.लि.नं.२३००७२)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा नं. १२६ बमोजिम मिति २०८३/०६/०५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३

## मिडिया स्केप प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

*प्रकाशित मिति २०८३/०६/१७ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७१/११/२८ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **मिडिया स्केप प्रा.लि. (प्रा.लि.नं. १३३३१८)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/०५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३

## एड्भरटिजमेन्ट एन्ड डिजिटल नेटवर्क प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

*प्रकाशित मिति २०८३/०६/१७ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७४/०५/२६ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **एड्भरटिजमेन्ट एण्ड डिजिटल नेटवर्क प्रा.लि. (प्रा.लि.नं.१७४९३४)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा नं.१२६ बमोजिम मिति २०८३/०६/०५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३

## ए. प्लस ट्राभलर एण्ड फोटोग्राफी प्रा.लि.को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

*प्रकाशित मिति २०८३/०६/१७ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७५/०६/२२ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **ए. प्लस ट्राभलर एण्ड फोटोग्राफी प्रा.लि. (प्रा.लि.नं.२००५६६)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/०५ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३

## युएइमा रोजगार

कम्पनी : **K R K TECHNICAL SRVICES L.L.C**

पूर्व स्वीकृति मिति : २०८३/०७/१६ | LT. No. 348893 | चलानी नं. ६०२६२०४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Officer | 0 | 1 | 1500 | ६३,१९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Cleaners General Helpers | 11 | 0 | 1000 | ४२,१९९ | | | | | | | |

कम्पनी : **ARCSYS MIDDLE EAST CONTRACTING - L.L.C - O.P.C**

पूर्व स्वीकृति मिति : २०८३/०७/१२ | LT. No. 348595 | चलानी नं. ६०२६१७५४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Maintainance M<echanic General | 10 | 0 | 1300 | ५४,८५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Riggers | 5 | 0 | 1300 | ५४,८५९ | | | | | | | |
| 3. | Electrician Assistant | 5 | 0 | 1300 | ५४,८५९ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८३ असोज २४ गते (10th Oct. 2026) मा हुनेछ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला।

**LION RECRUITMENT SERVICES PVT.LTD**
Sinamangal-9, Kathmandu, Nepal, Tel: +977-1-4534699, 984-0510091, 984-9384549, 9851068529
Email ID: lionrecruitment1770@gmail.com, Web: www.lion-recruitmentservices.com
Govt. License 1770/081/082

## गुगल इन्टरप्राइजेज प्रा.लि. को खारेजी लिक्वीडेसन सम्बन्धमा हक दावी गर्न आउने बारे ३५ (पैतिस) दिने सूचना !

*प्रकाशित मिति २०८३/०६/१७ गते*

कम्पनी ऐन, २०६३ बमोजिम मिति २०७३/०४/१७ गते कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा दर्ता श्रेस्ता कायम रहेको **गुगल इन्टरप्राइजेज प्रा.लि. (प्रा.लि.नं. १५२९४९)** लाई खारेजी (लिक्वीडेसन) मा लैजान कम्पनी ऐन २०६३ को दफा न १२६ बमोजिम मिति २०८३/०६/१६ गतेको विशेष साधारण सभाबाट निर्णय गरेकोले यस कम्पनीले तिर्नु बुझाउनु पर्ने ऋण धन एवम् कोही कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित **हक दावी** गर्न यो सूचना प्रकाशित भएको मितिले **३५ (पैतिस) दिन** भित्र यस लिक्वीडेटरको कार्यालय हेटौडा उपमहानगरपालिका-५, मकवानपुर-३ मा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**लिक्वीडेटर** : शेरबहादुर रोकाया
**ईजाजत नं.** : २८७, मो.नं.९८५११६३७२३

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# १५औं महाधिवेशन र कांग्रेसको अस्तित्वको परीक्षा

नेपालको लोकतान्त्रिक आन्दोलनको पर्याय मानिएको नेपाली कांग्रेस यतिबेला आफ्नो इतिहासकै सबैभन्दा संवेदनशील र चौबाटोको मोडमा खडा छ । २००७ सालको क्रान्ति, २०४६ को जनआन्दोलन र २०६२/६३ को ऐतिहासिक परिवर्तनको नेतृत्व गरेको यो दल आज काठमाडौंको खुलामञ्चमा १५औं महाधिवेशनका लागि भेला हुँदै गर्दा उत्सवभन्दा बढी अस्तित्व रक्षाको चिन्ताले घेरिएको छ । गत वर्षको 'जेन–जी' विद्रोहपछिको परिवर्तित राजनीति, पुराना दलहरूप्रतिको तीव्र नागरिक असन्तोष र आन्तरिक फुटकाबीच सुरु हुन लागेको यो महाधिवेशन केवल नयाँ नेतृत्व चयन गर्ने थलोमात्र नभई कांग्रेसको भावी राजनीतिक सान्दर्भिकताको कसी बन्ने निश्चित छ ।

महाधिवेशनको पूर्वसन्ध्यामा प्रकट भएको संस्थापन र निवर्तमान सभापति शेरबहादुर देउवापक्षको खुला विभाजन कांग्रेसका लागि सबैभन्दा ठूलो आन्तरिक चुनौती हो । देउवा समूहले महाधिवेशन बहिष्कार गर्दै मंसिरमा छुट्टै महाधिवेशन गर्ने तयारीमा लाग्नुले आठ दशक लामो इतिहास बोकेको पार्टीलाई औपचारिक फुटको संघारमा पुऱ्याएको छ । विशेष महाधिवेशनमार्फत नेतृत्वमा आएका सभापति गगनकुमार थापाले देउवालाई प्रमुख अतिथिका रूपमा निमन्त्रणा पठाएर एकताको लचकता देखाउन खोजे पनि देउवा पक्षको अडानले कार्यकर्तामा गम्भीर निराशा र अन्योल सिर्जना गरेको छ ।

अर्कोतर्फ, जेन–जी आन्दोलनपछि नेपाली राजनीतिमा परम्परागत शक्ति संरचना भत्किएको छ । नयाँ पुस्ताले पुराना दल र तिनका पुरातन कार्यशैलीलाई पूर्णतः अस्वीकार गर्दै सुशासन, प्रविधि र परिणाममुखी नेतृत्वको माग गरिरहेका छन् । यस्तो परिस्थितिमा 'बिपीको विचारलाई आधुनिक र प्रविधियुक्त नेपालको परिकल्पनासँग जोड्ने' दाबी केवल भाषण र नारामा सीमित रह्यो भने कांग्रेस थप शक्तिहीन बन्ने खतरा छ । १५औं महाधिवेशनको बन्दसत्रमा अर्थतन्त्र, रोजगारी, उत्पादन र शासन व्यवस्थाबारे कस्ता ठोस नीतिहरू पारित हुन्छन् र तिनलाई कार्यान्वयन गर्ने इच्छाशक्ति नेतृत्वले देखाउँछ कि देखाउँदैन भन्ने प्रश्न प्राथमिक बनेको छ ।

पार्टीभित्र ३५ वर्षमुनिका युवा र महिलाको प्रतिनिधित्व बढाउने तथा सांगठनिक संरचना बदल्ने कुरा सकारात्मक भए पनि यसलाई वैधानिक र व्यावहारिक रूप दिनु उत्तिकै चुनौतीपूर्ण छ । यदि १५औं महाधिवेशनले आन्तरिक विभाजनलाई व्यवस्थापन गर्न सकेन र नयाँ पुस्ताको भावनाअनुसार रूपान्तरणको स्पष्ट मार्गचित्र कोर्न सकेन भने कांग्रेस इतिहासको पानामा सीमित हुने जोखिम रहने छ । तसर्थ, गुटगत स्वार्थ त्यागेर नीतिको पुनर्जागरण, पार्टी एकता र युवा पुस्तासँग नयाँ विश्वासको सम्बन्ध गाँस्नु नै आजबाट सुरु हुने महाधिवेशनको मुख्य दायित्व र ऐतिहासिक परीक्षा हो ।

यस महाधिवेशनको अर्को महत्त्वपूर्ण आयाम भनेको पार्टीभित्र वर्षौंदेखि जरा गाडेर बसेको गिरोहवादी राजनीति र 'कब्जा जमाउने' संस्कृतिविरुद्धको लडाइँ हो । आम कार्यकर्ता र मतदाता केवल अनुहारको परिवर्तनमात्र चाहँदैनन्ह उनीहरू नीति, नियत र डेलिभरीमा आमूल परिवर्तन चाहन्छन् ।

यदि नेतृत्वले बन्दसत्रबाट पारित हुने कार्यपत्र र नीतिहरूलाई चुनाव जित्ने रणनीतिक अस्त्रमात्र बनाएर थन्क्याउने भूल गऱ्यो भने, कांग्रेसको जनआधार अझ ओरालो लाग्ने छ । त्यसैले, काठमाडौंका होटल र मञ्चहरूमा सीमित नभई गाउँगाउँका निराश कार्यकर्तामा आशा जगाउनु अनिवार्य छ । तसर्थ, यो महाधिवेशनले गुटगत भागबण्डाभन्दा माथि उठेर मुलुकलाई दूरदर्शी, स्वच्छ र गतिशील दिशा दिन सक्ने सबल नेतृत्व चयन गरोस् भन्ने आमनागरिकको उत्कट अपेक्षा छ । इतिहासको यो नाजुक मोडमा कांग्रेसले सही नेतृत्व चुन्दै लोकतन्त्र बलियो बनाउन अग्रसर बनोस् ।

## श्रम सरोकार

# वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ ।

# 'युवास्थामै कोरोनरी मुटुरोग देखिन थालेको छ, यो चिन्ताजनक पक्ष हो'



नेपालमा पछिल्लो समय मुटुरोगको समस्या बढ्दै गएको छ । विशेषगरी जीवनशैलीमा आएको परिवर्तन, अस्वस्थ खानपान, शारीरिक गतिविधिको कमी, उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, धूमपान तथा तनावजस्ता कारणले कोरोनरी मुटुरोगको जोखिम बढिरहेको चिकित्सकहरू बताउँछन् । चिन्ताको विषय त झन् कम उमेरमै मुटुरोग र हृदयघातका घटना देखिनु हो । मुटुरोगका जोखिम र लक्षणबारे समयमै जानकारी लिनु तथा नियमित स्वास्थ्य परीक्षण र स्वस्थ जीवनशैली अपनाउनु यसको रोकथामका लागि महत्त्वपूर्ण मानिन्छ । प्रस्तुत छ, मुटुरोगको अवस्था, युवा उमेरमै यसको जोखिम बढ्नुका कारण, सुरूआती लक्षण, उपचारमा पहुँच तथा रोकथामका उपायलगायत विषयमा सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा कार्यरत वरिष्ठ हृदयरोग विशेषज्ञ **डा. विनयकुमार रौनियार**सँग *राससले* गरेको कुराकानी:

**डा. विनयकुमार रौनियार**
वरिष्ठ हृदयरोग विशेषज्ञ

**नेपालमा हाल मुटुरोगको अवस्था कस्तो छ ?**

मुटुमा विभिन्न प्रकारका रोग हुन्छन् । मुटुको बाथरोग, जन्मजात मुटुरोग, कोरोनरी मुटुरोग र मुटुको धड्कनसम्बन्धी रोग प्रमुख हुन् । अहिले नेपालमा मुटुको बाथरोग घट्दो क्रममा छ तर कोरोनरी मुटुरोग भने बढिरहेको छ । यसका प्रमुख कारण जीवनशैलीमा आएको परिवर्तन हो । उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, धूमपान तथा सुर्तीजन्य पदार्थको प्रयोग, तनाव र व्यायामको कमीले कोरोनरी मुटुरोगको जोखिम बढाउँछ । नेपालमा यसको अर्को चिन्ताजनक पक्ष भनेको कम उमेरमै रोग देखिनु हो । पश्चिमी देशमा सामान्यतः वृद्ध अवस्थामा देखिने यो रोग नेपालमा ३०-४० वर्षकै उमेरमा देखिन थालेको छ । सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमा पनि यस्ता बिरामीको संख्या बढिरहेको छ ।

**युवा उमेरमै कोरोनरी मुटुरोग देखिनुको मुख्य कारण के हो ?**

कोरोनरी मुटुरोगको भयावह रूप हृदयघात हो । कहिलेकाहीँ अचानक मुटुको धड्कन बन्द हुने अवस्था पनि आउन सक्छ । मानिस बोलिरहेको, काम गरिरहेको वा व्यायाम गरिरहेका अवस्थामा एक्कासि ढलेका घटना हामीले सुन्ने र देख्ने गरेका छौं । कहिलेकाहीँ कुनै स्पष्ट चेतावनीविना पनि कोरोनरी मुटुरोग गम्भीररूपमा देखिन सक्छ । यसका जोखिम कारकमा उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, धूमपान तथा सुर्तीजन्य पदार्थको प्रयोगसँगै तनाव र व्यायामको कमी प्रमुख छन् । अहिले हाम्रो जीवनशैली निकै परिवर्तन भएको छ । सामान्य कामका लागि पनि सवारीसाधन प्रयोग गर्ने, हिँडडुल कम गर्ने प्रवृत्ति बढेको छ ।

अमेरिकन कलेज अफ कार्डियोलोजीले वयस्कलाई हप्तामा कम्तीमा पाँच दिन करिब ४० मिनेट ब्रिस्क वाकिङ वा एरोबिक गतिविधि गर्न सुझाएको छ तर हामीमध्ये धेरैले पर्याप्त व्यायाम गरिरहेका छैनौं । खानपानमा आएको परिवर्तन पनि अर्को कारण हो । पहिले चना, भटमास, तरकारी-रोटी, चिउरा-तरकारीजस्ता खाना बढी खाने गरिन्थ्यो । अहिले मःमः, बर्गर, पिज्जाजस्ता खानेकुराको प्रयोग बढेको छ । यसले पनि मुटुरोगको जोखिम बढाउन सक्छ । साथै, परिवारमा बुबा, आमा, दाजुभाइ वा दिदीबहिनीमध्ये कसैलाई कम उमेरमै हृदयघात भएको छ भने त्यसलाई पनि महत्त्वपूर्ण जोखिम कारक मानिन्छ ।

**कोरोनरी मुटुरोगका सुरुआती लक्षण के–के हुन् ?**

कोरोनरी मुटुरोगको सुरुआती लक्षणलाई हामी एन्जाइना भन्छौं । सामान्य अवस्थामा कुनै लक्षण नदेखिए पनि भारी काम गर्दा, भऱ्याङ उक्लिँदा वा दौडिँदा छातीको बीच भाग वा देब्रेतिर भारी वस्तुले थिचेजस्तो हुन सक्छ । सास फेर्न गाह्रो हुने, छिट्टै थाक्ने वा सामान्य गतिविधिमै असहज महसुस हुने पनि सुरुआती लक्षण हुन सक्छ । पहिले सामान्यरूपमा गर्दै आएको काम गर्दा अहिले छिट्टै थकान महसुस हुन्छ भने त्यसलाई सामान्यरूपमा लिनु हुँदैन । यो मुटुसम्बन्धी समस्या सुरु भएको संकेत हुन सक्छ ।

**महिला र पुरुषमा मुटुरोगका लक्षण फरक देखिन सक्छन् ?**

महिलामा लक्षण केही फरक रूपमा देखिन सक्छ । विशेषगरी वृद्ध, मधुमेह भएका व्यक्ति र महिलामा हृदयघात हुँदा सधैं धेरै छाती दुख्नेमात्र हुँदैन । कतिपय महिलाले छिट्टै थाक्ने, सानो काम गर्दा पनि स्याँस्याँ हुने वा असहज महसुस हुनेजस्ता लक्षण बताउनुहुन्छ । महिलालाई मुटुरोग हुँदैन भन्ने धारणा गलत हो । महिनावारी सुक्नुअघि एस्ट्रोजन हर्मोनका कारण केही सुरक्षा हुन्छ ।

- मुटुको बाथरोग, जन्मजात मुटुरोग, कोरोनरी मुटुरोग र मुटुको धड्कनसम्बन्धी रोग प्रमुख हुन् । अहिले नेपालमा मुटुको बाथरोग घट्दो क्रममा छ तर कोरोनरी मुटुरोग भने बढिरहेको छ ।
- कोरोनरी मुटुरोगको भयावह रूप हृदयघात हो । कहिलेकाहीँ अचानक मुटुको धड्कन बन्द हुने अवस्था पनि आउन सक्छ ।
- उच्च रक्तचाप, मधुमेह, कोलेस्ट्रोल, धूमपान तथा सुर्तीजन्य पदार्थको प्रयोग, तनाव र व्यायामको कमीले कोरोनरी मुटुरोगको जोखिम बढाउँछ । नेपालमा यसको अर्को चिन्ताजनक पक्ष भनेको कम उमेरमै रोग देखिनु हो ।
- पहिले चना, भटमास, तरकारी-रोटी, चिउरा-तरकारीजस्ता खाना बढी खाने गरिन्थ्यो । अहिले मःमः, बर्गर, पिज्जाजस्ता खानेकुराको प्रयोग बढेको छ । यसले पनि मुटुरोगको जोखिम बढाउन सक्छ ।
- पहिले सामान्यरूपमा गर्दै आएको काम गर्दा अहिले छिट्टै थकान महसुस हुन्छ भने त्यसलाई सामान्यरूपमा लिनु हुँदैन । यो मुटुसम्बन्धी समस्या सुरु भएको संकेत हुन सक्छ ।
- हुक्का होस् वा अहिले प्रचलनमा आएको भेप, जुनसुकै प्रकारको धूमपान पनि मुटुका लागि राम्रो होइन । हामीले कुनै पनि रूपमा निकोटिनको प्रयोगलाई मुटुका लागि राम्रो मान्दैनौं ।

उमेर बढ्दै जाँदा र विशेषगरी महिनावारी सुकेपछि त्यो सुरक्षा कम हुँदै जाँदा मुटुरोगको जोखिम बढ्छ । तर, महिनावारीअघि पनि महिलालाई हृदयघात हुन सक्छ ।

**कसैलाई हृदयघात भएको अवस्थामा तत्काल के गर्नुपर्छ ?**

पश्चिमी देशका ठूला कार्यालय, सुपरमार्केटलगायत ठाउँमा 'डिफिब्रिलेटर' राखिएको हुन्छ । नेपालमा त्यस्तो व्यवस्था पर्याप्त छैन । यदि कोही एक्कासि ढल्नुभयो, नाडी महसुस भएन वा बोल्नुभएन भने तुरुन्तै बेसिक लाइफ सपोर्टअन्तर्गत छाती थिच्ने अर्थात् सिपिआर सुरु गर्नुपर्छ र तत्काल चिकित्सकीय सहयोगका लागि सम्पर्क गर्नुपर्छ । यदि हृदयघातको लक्षण देखिएको छ र व्यक्तिलाई मधुमेह, उच्च रक्तचापजस्ता जोखिम छन् भने एस्पिरिन प्रयोग गर्न सकिन्छ । सामान्यतया ३०० मिलिग्राम एस्पिरिन चपाएर नजिकको अस्पताल जान हामी सल्लाह दिन्छौं ।

**नेपालमा मुटुरोगको उपचार कत्तिको महँगो छ ?**

मुटुरोगको निदान र उपचारका लागि अहिले विदेश जानुपर्ने अवस्था छैन । सहिद गंगालाल राष्ट्रिय हृदय केन्द्रमै धेरैजसो उपचार गर्न सक्षम छौं तर मुटुरोग एकपटक उपचार गरेरमात्र निको हुने रोग होइन । जीवनभर औषधि सेवन गर्नुपर्ने हुन सक्छ र औषधि सस्तो पनि हुँदैन ।

सरकारले विभिन्न कार्यक्रममार्फत सहयोग गरिरहेको छ । बिमाबाट केही औषधि उपलब्ध हुन्छ । १५ वर्षभन्दा कम उमेरका बालबालिकाका लागि चिल्ड्रेन असिस्टेन्स प्रोग्राम छ । ७५ वर्षभन्दा माथिका नेपाली नागरिकका लागि सिनियर सिटिजन स्किमअन्तर्गत निश्चित उपचार तथा शल्यक्रियामा सरकारले खर्च व्यहोर्ने व्यवस्था छ । १५ देखि ७५ वर्षसम्मका विपन्न वर्गका बिरामीले नगरपालिकाको सिफारिसका आधारमा एक लाख रूपैयाँसम्म छुट पाउने व्यवस्था छ । तर, मुटुरोग लागिसकेपछि जीवनभर उपचार गर्नुपर्ने हुनसक्ने भएकाले रोकथाममा बढी ध्यान दिनुपर्छ ।

**मुटुरोगको उपचारमा पहुँच र जनचेतनाको अवस्था कस्तो पा( उनुभएको छ ?**

मैले करिब २० वर्षदेखि अभ्यास गरिरहेको छु । सुरुका वर्ष र अहिलेको अवस्थाबीच धेरै फरक देखेको छु । अहिले जिल्ला अस्पतालदेखि प्राथमिक स्वास्थ्य चौकीसम्म स्वास्थ्य सेवा विस्तार भएको छ । सामान्य रक्तचाप र मधुमेह जाँच हुने तथा रक्तचापका औषधि पनि उपलब्ध हुने अवस्था छ । लक्षण देखिएपछि चाँडै स्वास्थ्य संस्थामा जाने चेतना पनि बढेको छ । सामाजिक सञ्जाल र सरकारका नीतिनियमले पनि यसमा सहयोग गरेका छन् । पहिले गाउँमा अचानक मृत्यु भएका घटनालाई फरक रूपमा बुझिन्थ्यो । अहिले अस्पताल पुगेर रोगको निदान हुने गरेको छ । उपचार पनि नेपालमै धेरै हदसम्म सम्भव छ । अहिले नेपालमा करिब ९५ प्रतिशतभन्दा बढी मुटुरोगको उपचार सम्भव छ ।

**सहरमा हुक्का र भेपको प्रयोग बढिरहेको छ । यसले मुटुमा कस्तो असर गर्छ ?**

हुक्का होस् वा अहिले प्रचलनमा आएको भेप, जुनसुकै प्रकारको धूमपान पनि मुटुका लागि राम्रो होइन । हामीले कुनै पनि रूपमा निकोटिनको प्रयोगलाई मुटुका लागि राम्रो मान्दैनौं । त्यसैले 'एनी फर्म अफ निकोटिन इज नट गुड फर हर्ट' भन्ने कुरा बुझ्न जरुरी छ । कतिपय मानिसले चुरोट खाँदिन, हुक्कामात्र खान्छु भन्ने गरेको सुनिन्छ । तर, चुरोट नखाएर हुक्का सेवन गर्दा मुटुमा असर हुँदैन भन्ने होइन । हुक्का पनि धूमपानकै एउटा रूप हो । अहिले भेपको प्रयोग पनि बढिरहेको छ । त्यसैले चुरोट, हुक्का वा भेपमध्ये जुनसुकै माध्यमबाट निकोटिनको प्रयोग गरे पनि त्यो मुटुका लागि राम्रो होइन । सकेसम्म कुनै पनि प्रकारको निकोटिनबाट टाढा रहनुपर्छ ।

**मुटुलाई स्वस्थ राख्न सर्वसाधारणलाई के सुझाव दिनुहुन्छ ?**

उच्च रक्तचाप छ भने नियन्त्रण गर्न औषधि खान हिचकिचाउनु हुँदैन । मधुमेह र कोलेस्ट्रोल छ भने त्यसलाई नियन्त्रणमा राख्नुपर्छ । चिकित्सकले कोलेस्ट्रोलको औषधि खान सुझाव दिनुभएको छ भने नियमित खानुपर्छ । सूर्तीजन्य पदार्थको प्रयोग गर्नुहुन्छ भने आजैदेखि बन्द गर्नुपर्छ । हप्तामा कम्तीमा पाँच दिन ३० देखि ४० मिनेट ब्रिस्क वाकिङ वा अन्य एरोबिक गतिविधि गर्नुपर्छ । विशेषगरी लामो समय टेबलमा बसेर काम गर्ने व्यक्तिका लागि व्यायाम झनै महत्त्वपूर्ण छ । खानामा नुनको मात्रा नियन्त्रण गर्नुपर्छ । थपेर काँचो नुन खाने बानी त्याग्नुपर्छ । चिनी तथा प्रशोधित गुलियो खानेकुरा, धेरै चिल्लो र जंक फुडको सेवन कम गर्नुपर्छ । प्राकृतिक फलफूल र तरकारी बढी खानुपर्छ । तनावमुक्त जीवन जिउने प्रयास गर्नुपर्छ । स्वस्थ व्यक्तिले पनि वर्षमा कम्तीमा एकपटक रक्तचाप, सुगर, कोलेस्ट्रोल जाँच गर्नुका साथै इसिजी गर्न बिर्सनु हुँदैन ।

## पाठक मञ्च

# कांग्रेसको १५औं महाधिवेशनः केवल उत्सव होइन, गम्भीर वैचारिक मन्थन होस्

नेपाली राजनीतिको इतिहासमा प्रजातन्त्र, लोकतन्त्र र नागरिक अधिकार प्राप्तिको हरेक मोडमा नेपाली कांग्रेसको भूमिका अग्रणी रहँदै आएको छ ।

ऐतिहासिक पृष्ठभूमि बोकेको मुलुकको सबैभन्दा पुरानो तथा ठूलो लोकतान्त्रिक दल नेपाली कांग्रेसको १५औं राष्ट्रिय महाधिवेशन काठमाडौंमा प्रारम्भ हुँदै गर्दा यो केवल एउटा दलको आन्तरिक उत्सवमात्र नभई समग्र देशकै राजनीतिक दिशा र भविष्य निर्धारण गर्ने संवेदनशील क्षण बनेको छ । यस ऐतिहासिक महाधिवेशनको सुखद् अवसरमा सम्पूर्ण महाधिवेशन प्रतिनिधि, नेता तथा कार्यकर्ताहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

यसपटक इतिहासकै सबैभन्दा धेरै- करिब आठ हजारको संख्यामा महाधिवेशन प्रतिनिधिहरूको उत्साहजनक सहभागिता रहनु आफैंमा खुसीको विषय हो । काठमाडौंको खुलामञ्च, भृकुटीमण्डप र राष्ट्रिय सभागृहमा सुरु भएको यो जमघटले नेपाली कांग्रेसभित्र लोकतान्त्रिक अभ्यास कति जीवन्त छ भन्ने स्पष्ट सन्देश दिएको छ । तर, प्रतिनिधिहरूको उपस्थिति र भीडभाडभन्दा बढी महत्त्वपूर्ण पक्ष महाधिवेशनले तय गर्ने नीति, नेतृत्व र राजनीतिक संकल्प हुन् । आज देश र जनताका अपेक्षा निकै बदलिएका छन् । युवा पुस्तामा निराशा, बेरोजगारी, र राजनीतिक विकृतिप्रतिको असन्तोष बढ्दो छ ।

यस्तो संवेदनशील परिस्थितिमा आयोजना भइरहेको यो महाधिवेशनले परम्परागत शैली र गुटगत भागबण्डाभन्दा माथि उठेर मुलुकलाई सुशासन र आर्थिक समृद्धिको मार्गमा लैजाने स्पष्ट खाका कोर्न सक्नुपर्छ । पार्टीको विधान संशोधन गर्ने तयारी र वातावरणमैत्री ढंगले डिजिटल माध्यमबाट मात्र प्रचारप्रसार गर्ने नीति अघि सारिनु सकारात्मक सुरुआत हो ।

तर, वास्तविक रूपान्तरण तबमात्र सम्भव हुन्छ, जब दलभित्र आन्तरिक लोकतन्त्र सुदृढ हुन्छ र नयाँ सोच तथा क्षमता भएका नेतृत्वलाई अघि बढ्ने सहज वातावरण निर्माण गरिन्छ । महाधिवेशन केवल नयाँ केन्द्रीय कार्यसमितिको चयनमामात्र सीमित नरही गम्भीर वैचारिक मन्थनको चौतारी बन्नुपर्छ ।

सभापति, उपसभापति, महामन्त्रीलगायतका पदहरूमा प्रतिस्पर्धा हुनु स्वाभाविक लोकतान्त्रिक प्रक्रिया हो, तर चुनावपछि पनि पार्टीको एकताबद्ध धरातल जोगिनु उत्तिकै आवश्यक छ । कांग्रेस बलियो र विचारशील नभएसम्म देशमा लोकतान्त्रिक प्रणालीको जग सुदृढ हुन सक्दैन । त्यसैले, काठमाडौंमा भेला हुनुभएका सम्पूर्ण महाधिवेशन प्रतिनिधि साथीहरूले कुनै व्यक्तिगत वा गुटगत स्वार्थभन्दा माथि उठेर विवेकपूर्ण निर्णय लिनुहुनेछ भन्ने अपेक्षा आमनेपाली नागरिकको छ ।

आगामी चुनाव र राजनीतिक संक्रमणलाई निकास दिन सक्ने ऊर्जाशील, निष्कलंक र दूरदर्शी नेतृत्व चयन गर्न यो महाधिवेशन सफल होस् । पुनः नेपाली कांग्रेसको १५औं महाधिवेशनको भव्य सफलताको हार्दिक शुभकामना !

**- अर्पण रायमाझी**
कांग्रेस शुभेच्छुक, ललितपुर



**जोखिममा लुप्रा बोन गुम्बा** | यही असोज ११ गते रातिको भारी वर्षाका कारण आएको बाढीले मुस्ताङको वारागुङ मुक्तिक्षेत्र–१ लुप्रास्थित ऐतिहासिक तथा धार्मिक बोन गुम्बा जोखिममा परेको छ । गाउँबीचको सानो खोल्सामा आएको लेदोसहितको बाढीले गुम्बासहित पाँच घरमा क्षति पुगेको छ । *तस्बिरः रासस*

# भूगर्भविद्हरूको टोलीले थाल्यो म्याग्दीका पहिरोको अध्ययन

**म्याग्दी–** भूगर्भविद्हरूको टोलीले शनिबारदेखि म्याग्दीका पहिरो प्रभावित क्षेत्रको स्थलगत अध्ययन थालेको छ । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको समन्वयमा नेपाल भौगर्भिक समाजको नेतृत्वमा समाजका अध्यक्ष भास्कर खतिवडासहितको प्राविधिक टोलीले पहिरोग्रस्त क्षेत्रमा विस्तृत स्थलगत अध्ययन थालेको हो ।

टोलीले बेनी बजारको सुरक्षाका लागि चुनौती बनेका खरेनी खोल्सा, खोरिया पाखो र क्याम्पस चोकमाथिको पहिरोग्रस्त क्षेत्रमा पुगेर प्राविधिक अध्ययन गरेको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिए । 'नगरपालिकाको सिफारिस र जिल्ला विपद् व्यवस्थापन समितिको निर्णयअनुसार शुक्रबार बेनीमा आउनुभएका भूगर्भविद् र प्राविधिकको टोलीले आजदेखि नै अध्ययन सुरु गरेको छ,' उनले भने, 'बेनी बजारसहित नगरपालिका र जिल्लाका सबै जोखिमयुक्त क्षेत्रको प्राविधिक अध्ययन गर्ने योजना रहेको छ ।'

टोलीले दिने सिफारिसको आधारमा पहिरोप्रभावित क्षेत्रमा अल्पकालीन र दीर्घकालीन रोकथामका काम गरिने नगरप्रमुख केसीले बताए । पहिरोको अवस्था र माटोको बनोटको अवस्था आँकलन गर्न ड्रोनबाट तस्बिर लिनुका साथै पहिरो खसेको स्थानबाट ढुंगा तथा माटोका नमूना संकलन गरी वैज्ञानिक अध्ययन अघि बढाइने भूगर्भविद् एवं त्रिचन्द्र बहुमुखी क्याम्पसका उपप्राध्यापक



चम्पकबाबु सिलवालले बताए ।

'विभिन्न विधि र उपकरणको प्रयोगका साथै स्थलगत निरीक्षण गरेर पहिरो गएका क्षेत्रहरूको अध्ययन थालेका छौं,' उनले भने, 'काठमाडौंबाट आएका चार, स्थानीय तहका प्राविधिक र भूगर्भविज्ञान अध्ययन गरेका स्थानीय जनशक्तिको तीन वटा समूह बनाएर पहिरोको अध्ययन थालेका छौं ।'

भूगर्भविद्को टोलीले स्थलगत अध्ययन तथा संकलित नमूनाको विश्लेषण गरी सरकारलाई प्राविधिक प्रतिवेदन बुझाउने छ । गत हप्ताको वर्षापछिको पहिरो र बाढीका कारण म्याग्दीमा सात जनाको मृत्यु, दुई जना बेपत्ता, २०० भन्दा बढी घरगोठमा पूर्णक्षति र दर्जनौं गाउँका बासिन्दा विस्थापित भएका छन् ।

म्याग्दीका सहायक प्रमुख जिल्ला अधिकारी कुलप्रसाद आचार्यले शुक्रबारसम्म १११ घरमा पूर्णक्षति, ९३ घरमा आंशिक क्षति र ३४२ घर जोखिममा परेका जानकारी दिए । यो विवरण अझै थपिन सक्ने उनले बताए ।

असोज ८ देखि ११ गतेसम्मको झरिपछिको बाढी पहिरोका कारण म्याग्दीका मुख्य सडक, विद्युत् र सञ्चार सुविधा अवरुद्ध हुँदा जनजीवन प्रभावित बनेको छ । अवरुद्ध बनेका यातायात, सञ्चार र विद्युत् सुचारु गराउने प्रयास भइरहेको म्याग्दीका प्रमुख जिल्ला अधिकारी गणेश गैरेले बताए । *रासस*

# अवरूद्ध बेनी–जोमसोम सडकको पैदलयात्रा सहज बनाउन श्रमदान

**म्याग्दी–** म्याग्दीको उत्तरी क्षेत्रमा पर्ने रघुगंगा, अन्नपूर्ण गाउँपालिका, मुस्ताङका बासिन्दा, तिर्थयात्री र पर्यटकहरूले प्रयोग गर्ने बेनी-जोमसोम सडकको पदयात्रालाई सहज बनाउन स्वमसेवी युवाहरूले श्रमदान अभियान सञ्चालन गरेका छन् ।



बेनीका प्रकाश पौडेल नेतृत्वको युवाहरूको टोलीले शुक्रबार राहुपारे र कुनौटा क्षेत्रमा अप्ठ्यारो ठाउँमा झ्याङ राख्ने, रसी झुण्डाउने काम गरेका हुन् । १५ जनाको समूहले दिनभर श्रमदान गरेर पैदलयात्रा गर्न असहज बनाएका रुखहरू काटेर हटाउने काम पनि गरेका संयोजक पौडेलले बताए ।

'यो सडक मर्मत सकिएर नियमितरूपमा यातायातका साधन सञ्चालन हुने अवस्था नआउँदा सम्मका लागि पदैलयात्रा गरेर गन्तब्यमा पुग्नुपर्ने बाध्यताका यात्रुको सहजताका लागि श्रमदान अभियान सञ्चालन गरेका हौं,' उनले भने, 'सामाजिक सञ्जाल फेसबुकमा अपिल र साथीहरूलाई आह्वान गरेर स्वयंसेवक परिचालन गरेर सडकमा मानिसलाई सहज तथा सुरक्षितरूपमा आवतजावतको वातावरण बनाउने प्रयास गरिएको हो ।'

गत हप्ताको झरिपछिको बाढी पहिरोका कारण अवरुद्ध बनेको बेनी-जोमसोम सडकको म्याग्दी खण्डको कतिपय ठाउँहरूमा पैदलयात्रा गर्न पनि कठिन अवस्था छ । एक हप्ताअघिसम्म दैनिक हजारौं गाडी गुड्ने बेनी-जोमसोम सडकको बेनीदेखि काभ्रेभिर खण्डको ३३ किलोमिटर सडक पहिरो, कालीगण्डकीको कटान र बाढीले छियाछिया बनाएको छ । पक्की सडक भत्किएकोमात्रै छैन केही ठाउँमा नाम निशाना नभेटिनेगरी बगेको र भत्किएको छ ।

सडक मर्मत नहुँदासम्म मुस्ताङमा फसेका पर्यटक, तिर्थयात्री, व्यवसायी र स्थानीयबासीहरू अत्यावश्यक कामका लागि यो बाटो हिँडेर गन्तव्यमा पुग्ने एकमात्र विकल्प बनेको छ । सडकमा गर्नुपर्ने पदयात्रा जोखिमपूर्ण र असहज छ । बेनी-जोमसोम-कोरला सडक योजनाले पछिल्लोपटक अवरुद्ध भएका ४६ मध्ये ४१ ठाउँमा मर्मत सकिएको जनाएको छ ।

आयोजना प्रमुख तेजस्वी शर्माले म्याग्दीको तिल्केनीचौर, खामभित्ता र भुरुंग तातोपानी खण्डमा मर्मत जारी रहेको बताए । इन्धन र उपकरणको व्यवस्था मिलाएर थप ठाउँमा पनि उपकरण र मजदुर परिचालन गरेर अवरुद्ध बनेको कोरला नाका जोड्ने सडक जति सक्दो छिटो सञ्चालन गर्न युद्धस्तरमा कामलाई तीव्रता दिइएको शर्माले बताए । *रासस*

# भोटेकोशी बाढीका शव बोक्ने एम्बुलेन्स चालकलाई सम्मान

**चितवन (प्रस)–** भोटेकोशी बाढीले बगाएर चितवन ल्याएका शव नारायणी नदी किनारबाट भरतपुर अस्पतालसम्म ल्याउने र परीक्षणपछि व्यवस्थापन गर्न देवघाटसम्म पुऱ्याउने एम्बुलेन्स चालकलाई सम्मान गरिएको छ ।

संयुक्त एम्बुलेन्स चालक संघ नेपाल (ट्रेड युनियन संघ) जिल्ला शाखा चितवनले शनिबार यहाँ आयोजना गरेको पाँचौं साधारणसभा तथा अधिवेशनको अवसरमा चालकलाई सम्मान गरिएको हो । सो अवसरमा ६५ जना चालकलाई सम्मान गरिएको थियो ।

उनीहरूलाई सम्मान गर्दै प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले विपद्मा एम्बुलेन्स चालकले निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको बताए । उनले भने, 'शव उठाउन हामीले नेतृत्व गर्नुपर्नेमा अघिअघि एम्बुलेन्स चालक र हामी पछिपछि भयौं ।' विपद्मा गरिने यस्ता कार्यको राज्य पक्षबाट मूल्यांकन हुनुपर्ने उनले बताए । संघका केन्द्रीय अध्यक्ष नवराज लामिछानेले चालकहरूले नदीमा शव उठाउने, एम्बुलेन्समा राख्ने र झार्नेसम्मका काम गरेका बताए । उनले भने, 'तीन-चार दिनदेखि गन्हाइरहेका शव कुनै अप्ठ्यारो महसुस नगरी हामीले बोक्यौं ।' कतिपय शव राख्ने ठाउँको अभावमा लामो समय एम्बुलेन्समै राख्नुपरेको उनले बताए ।

सो अवसरमा जिल्ला प्रहरी कार्यालय चितवनका प्रमुख प्रहरी उपरीक्षक रामेश्वर पौडेलले विपद्मा चालकहरूले निर्वाह गरेको भूमिका प्रशंसनीय रहेको बताए । कार्यक्रममा चितवन मेडिकल कलेजका प्रमुख कार्यकारी निर्देशक प्रताप देवकोटा, भरतपुर अस्पतालका साइदिप घिमिरे, संघका जिल्ला अध्यक्ष कल्याण लामा, सचिव मिलन श्रेष्ठ, नेपाल ब्लड डोनर्स एसोसिएसनका अध्यक्ष अर्जुन अधिकारीलगायतले आ-आफ्नो धारणा राखेका थिए ।

यसैबीच अधिवेशनले सन्तोष केसीको अध्यक्षतामा २९ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । भोटेकोशी बाढीको समयमा चितवनसहित धादिङ, नवलपरासी, तनहुँ, कास्की, नुवाकोटका एम्बुलेन्सले शव व्यवस्थापनमा खटिएका थिए । चितवनमा १३५ वटा एम्बुलेन्स संघमा आबद्ध थिए । भोटेकोशी बाढीका सबैभन्दा बढी ३६९ वटा शव चितवनमा फेला परेका थिए ।

# दाउन्ने बस दुर्घटनामा ६ जनाको मृत्यु, १० जना घाइते



■ प्रभाव संवाददाता

**नवलपुर (नवलपरासी)–** पूर्वपश्चिम राजमार्गअन्तर्गत नवलपरासी (बर्दघाट-सुस्तापूर्व) दाउन्नेमा शनिबार बिहान भएको यात्रुवाहक बस दुर्घटना हुँदा छ जनाको मृत्यु भएको छ । उक्त दुर्घटनामा परी १० जना घाइते भएका भएका छन् ।

जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट-सुस्तापूर्व) का अनुसार १८ जना यात्रु लिएर नेपालगञ्जबाट काठमाडौंतर्फ जाँदै गरेको प्रदेश-३-०१-००६ ख १५५३ नम्बरको यात्रुवाहक बस शनिबार बिहान विनयी त्रिवेणी गाउँपालिका-२ दाउन्नेस्थित एसमोडमा पल्टिएको थियो ।

जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक अनिल पण्डितका अनुसार दुर्घटनामा परी बसका चालक बाँकेको खजुरा गाउँपालिका-२ का ३६ वर्षीय सुरेश बिसी, कोहलपुर नगरपालिका-३ का ३२ वर्षीय दीपेन्द्र केसी, कोहलपुर-१० का ५५ वर्षीय एकेन्द्रराज रेग्मी, नेपालगञ्ज उपमहानगरपालिका-७ का २२ वर्षीय कृष कनौजिया, जाजरकोटको भेरिगंगा नगरपालिका-३ का ५० वर्षीय निर्जुङ गुरुङ र बाजुराको स्वामीकार्तिक गाउँपालिकाका ६५ वर्षीय नरेन्द्रराज गिरीको मृत्यु भएको छ ।

दुर्घटनामा परी घाइते भएका यात्रुमध्ये मध्यविन्दु प्रादेशिक अस्पताल डण्डामा प्रारम्भिक स्वास्थ्य उपचारपश्चात् आठ जनालाई थप उपचारका लागि चितवनको भरतपुरस्थित चितवन मेडिकल कलेज शिक्षण अस्पताल पठाइएको प्रहरी नायब उपरीक्षक पण्डितले मध्यविन्दु प्रादेशिक अस्पतालले जनाएको बताए ।

अस्पतालद्वारा शनिबार दिउँसो जारी विज्ञप्तिअनुसार अन्य चार जना घाइतेको भने मध्यविन्दु अस्पतालमा भर्ना गरी उपचार तथा स्वास्थ्य निगरानीमा राखिएको छ । अस्पतालमा भर्ना भएका बिरामीको आवश्यक उपचार तथा स्वास्थ्य निगरानी चिकित्सक तथा स्वास्थ्यकर्मीको प्रत्यक्ष निगरानीमा निरन्तर भइरहेको भन्दै थप विशेषज्ञ उपचार आवश्यक देखिएका बिरामीलाई आवश्यकताअनुसार सम्बन्धित स्वास्थ्य संस्थामा पठाइएको अस्पतालले जनाएको छ ।

# बाढीपहिरोका कारण एक हजार विद्यार्थीको पठनपाठन प्रभावित

**बागलुङ–** बागलुङको निसीखोला गाउँपालिका-४ को झिवाखोलास्थित लिटिल रोज इङ्लिस बोर्डिङ स्कुलमा अध्ययनरत सन्दीप रेग्मी बाढीपछि विद्यालय जान सकेका छैनन् । यही असोज ११ गते निसीखोलामा आएको बाढीले बगर बनाएको आफ्नो घर भएको स्थान हेरेर टोलाइरहेका सन्दीपमा देखिएको यो अन्योल यतिबेला बागलुङका हजारौं विद्यार्थीमा देखिएको छ । उनको न त घर छ, न त कापी-कलम र किताब नै । विद्यालय पनि बाढीले क्षति पुऱ्याएको छ ।

आँखै अगाडि घर, विद्यालय, सडक र विभिन्न संरचना बाढीले बगाएको, पहिरोले पुरेको देखेका यहाँका बालबालिकामा अझै पनि खोला बढ्छ कि, पहिरो खस्छ कि भन्ने त्रास कायमै छ । यही असोज ८ गतेदेखि ११ गतेसम्म आएको वर्षाका कारण बागलुङका चार स्थानीय तहका एक हजारभन्दा बढी बालबालिका प्रभावित भएका छन् ।

बागलुङको निसीखोला गाउँपालिकामा बाढी तथा बडिगाड गाउँपालिका, तमानखोला गाउँपालिका र ताराखोला गाउँपालिकामा पहिरोका कारण एक हजार २९७ जना बालबालिका प्रभावित भएका ताराखोला गाउँपालिकाका सहायक शिक्षा अधिकृत युवराज शर्माले जानकारी दिए । उनका अनुसार पहिरोबाट ताराखोलाका पाँच विद्यालयमा क्षति पुग्दा ८४५ जना बालबालिका प्रभावित भएका छन् ।



पहिरोका कारण ताराखोला-५ का तीनवटा र वडा नं ४ का दुई वटा विद्यालयका भौतिक संरचनामा क्षति पुगेको शिक्षा अधिकृत शर्माले जानकारी दिए । २५० जना बालबालिकाले अध्ययन गर्दै आएका वडा नं ५ को दुर्गा भवानी माध्यमिक विद्यालयको विज्ञान प्रयोगशाला पूर्णरूपमा पहिरोमा पुरिएको छ भने अन्य संरचनामासमेत क्षति पुगेको छ ।

त्यसैगरी सोही वडाका ७५ जना बालबालिकाले अध्ययन गर्दै आएको त्रिशूली प्राथमिक विद्यालय र ४५ जना बालबालिकाले अध्ययन गर्दै आएको लावाङ प्राथमिक विद्यालयमा पहिरोले क्षति पुऱ्याएको छ । वडा नं ४ का ५५ बालबालिकाले अध्ययन गर्दै आएको युवावर्षा प्राथमिक विद्यालय र ४२० बालबालिकाले अध्ययन गर्दै आएको नेपाल माध्यमिक विद्यालयमा पहिरोले क्षति पुऱ्याएको शर्माको भनाइ छ । पहिरोले क्षति पुगेका पाँचमध्ये दुई विद्यालयमा वैकल्पिक स्थानको खोजी गरेर पठनपाठन सुरु गरिएको जनाउँदै नेपाल माध्यमिक विद्यालय, लावाङ प्राथमिक विद्यालय र दुर्गा भवानी माध्यमिक विद्यालयमा भने पठनपाठन सुरु गर्न नसकिएको शर्माले बताए ।

त्यसैगरी बाढीका कारण निसीखोला गाउँपालिका-४ को झिवाखोलास्थित एउटै विद्यालयका ३७० बालबालिका प्रभावित बनेका छन् । बोहोरागाउँ लिटिल रोज इङ्लिस बोर्डिङ स्कुलमा निसीखोलामा आएको बाढीले क्षति पुऱ्याउँदा यहाँ अध्ययन गर्दै आएका बालबालिका प्रभावित बनेका विद्यालय व्यवस्थापन समितिका सदस्य मिलन हमालले जानकारी दिए ।

बाढीले विद्यालयको संरचनामा ठूलो क्षति पुऱ्याएको छ । बाढीका कारण क्षति पुगेको विद्यालयको भवन तत्काल सञ्चालनमा ल्याउन सकिने अवस्था नभए पनि वैकल्पिक व्यवस्थापन गरेर छिट्टै कक्षा सञ्चालन गरिने हमालले बताए ।

हावाहुरी र पहिरोका कारण बडिगाड गाउँपालिकाका दुई विद्यालयका ७० बालबालिका प्रभावित भएका छन् । गाउँपालिकाको वडा नं ५ स्थित ३० बालबालिकाले अध्ययन गर्दै आएको भिरकटेराताल प्राथमिक विद्यालय र वडा नं ३ सिसाखानीका ४० बालबालिकाले अध्ययन गर्दै आएको कञ्चनादेवी प्राथमिक विद्यालयमा हावा र पहिरोले क्षति पुऱ्याएको छ । तत्कालका लागि बालबालिकालाई स्थानीय घर र सामुदायिक भवनमा व्यवस्थापन गरेर पठनपाठन गराउने तयारी गरिएको गाउँपालिकाका शिक्षा शाखा प्रमुख कुलराज घिमिरेले जानकारी दिए ।

पहिरोका कारण तमानखोला गाउँपालिकाको एक बालविकास केन्द्रमा पनि क्षति पुगेको छ । वडा नं ४ को सन्तर बालविकास केन्द्रको भवनमा पहिरोले क्षति पुऱ्याउँदा यहाँका ११ बालबालिका प्रभावित बनेका छन् । भवन अझै पनि पहिरोको जोखिममै रहेकाले बालबालिकालाई तत्काल उक्त स्थानमा लैजाने अवस्था नभएको गाउँपालिकाका विपद् व्यवस्थापनका स्रोत व्यक्ति मुना विश्वकर्माले बताए ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला – २९४८०० | प्रति तोला – ० | प्रति तोला – ४४५० |



**कागती खेती** | दाङको घोराही उपमहानगरपालिका-१७, गुलरियामा कृष्णा रानाले व्यावसायिक रूपमा गर्दै आएको कागती खेती । उनले चार कठ्ठा जग्गामा कागती खेती गर्दै आएका छन् ।
*तस्बिरः सुशीला ओली/रासस*

# बाढीले मध्यकालीगण्डकीसहितका जलविद्युत् आयोजनामा ठूलो क्षति

■ प्रभाव संवाददाता

**म्याग्दी–** गत हप्ताको बाढीपहिरोका कारण म्याग्दीको अन्नपूर्ण गाउँपालिकामा निर्माणाधीन र सञ्चालनमा रहेका जलविद्युत् आयोजनाहरूमा ठूलो क्षति पुगेको छ । दुई सय ६६ मेगावाट क्षमताका तीन वटा निर्माणाधीन आयोजना प्रभावित भएका छन् भने २१६ मेगावाटका आठ वटा आयोजनाको विद्युत् राष्ट्रिय प्रणाली बाहिर भएका छन् ।

हाइड्रो सपोर्ट प्रालि प्रवर्द्धक रहेको ६६ दशमलव तीन मेगावाट क्षमताको मध्यकालीगण्डकी जलविद्युत् आयोजनामा बाढीले सबैभन्दा बढी क्षति पुऱ्याएको छ । निर्माणाधीन आयोजनाको बाँध, सुरुङ, आवास, मेसिनरी तथा उपकरण, निर्माण सामग्री, डिजेल ट्याङ्क र वर्कसपमा ठूलो क्षति पुगेको छ । अन्नपूर्ण गाउँपालिका-३ र ४ को सिमानामा पर्ने सुकेबगरमा निर्माणाधीन बाँधमा डाइभर्सन भत्काएर पसेको कालीगण्डकीको बाढीले गेग्रान थुपारेको छ । सो स्थानमा रहेको सुरुङको अडिटभित्र पनि बाढी पसेको छ ।

अन्नपूर्ण-२ नागढुङ्गा र रातोपानी स्थित आवासका भवनहरू भत्काउनुका साथै त्यहाँ रहेका सामग्री बाढीले बगाएको छ । नौलीबगरस्थित निर्माणाधीन भूमिगत विद्युत्गृहको अगाडि रहेको बेनी-जोमसोम-कोरला सडकको मोटरेबल पुलको पोखरेबगरतर्फको पहुँचमार्ग कालीगण्डकीको बाढीले बगाएको छ । कालीगण्डकीको बाढीले सो आयोजनाको 'लेबरक्याम्प' पनि बगाएर लगेको छ ।

कालीगण्डकीको बाढीका कारण आयोजनाको क्याम्प र निर्माणस्थलसँगको यातायात सम्पर्क टुटेको तथा सडक, विद्युत् र सञ्चार सुविधाको अभावमा क्षतिको पूर्ण विवरण अझै प्राप्त हुन नसकेको सो आयोजनाका प्रबन्ध निर्देशक गुरु ढकालले जानकारी दिए । त्यसैगरी बाढीपहिरोले क्षति पुर्‍याएपछि आयोजनाको निर्माण रोकिएको सिभिल ठेकेदार कम्पनी रसुवा-मल्टी जेभीले जानकारी दिएको छ । विसं २०८१ देखि निर्माण सुरु भएको आयोजनाको भौतिक प्रगति अहिलेसम्म विना रोकतोक अघि बढिरहेकामा हालैको बाढीले अवरोध उत्पन्न गरेको छ । सुकेबगरमा १३ मिटर अग्लो र ५५ मिटर लामो बाँध बनाई चार हजार ३१९ मिटर लामो मुख्य सुरुङबाट ल्याउने पानी एक सय ५१ मिटर उचाइबाट अन्नपूर्ण-२ नौलीबगरमा निर्माण हुने भूमिगत विद्युत्गृहमा खसालेर विद्युत् उत्पादन गर्ने लक्ष्य छ ।

> नदी प्रवाहमा आधारित प्रकृतिको यस आयोजनाको विद्युत्गृह, स्विचार्ड, नियन्त्रण कक्ष (कन्ट्रोल रुम) जमिनभित्र भूमिगत हुन् । मध्य कालीगण्डकीको विद्युत् नौलीबगरबाट देखि सात किलोमिटरमाथि दानामा रहेको २२० केभी क्षमताको सवस्टेशनमार्फत केन्द्रीय प्रणालीमा आबद्ध हुनेछ ।

नदी प्रवाहमा आधारित प्रकृतिको यस आयोजनाको विद्युत्गृह, स्विचार्ड, नियन्त्रण कक्ष (कन्ट्रोल रुम) जमिनभित्र भूमिगत हुन् । मध्य कालीगण्डकीको विद्युत् नौलीबगरबाट देखि सात किलोमिटरमाथि दानामा रहेको २२० केभी क्षमताको सवस्टेशनमार्फत केन्द्रीय प्रणालीमा आबद्ध हुनेछ ।

तीन वर्षभित्र आयोजना सम्पन्न गर्ने लक्ष्यसहित थालिएको आयोजनाको बाढी पहिरोका कारण निर्माण अवधि लम्बिने देखिएको छ । म्याग्दी जिल्ला भएर बग्ने कालीगण्डकी नदीमा निर्माण हुन लागेको यो पहिलो आयोजना हो । कूल रु १२ अर्ब ९३ करोड लागत अनुमान गरिएको यस आयोजनामा नविल बैंक लिमिटेडको नेतृत्वमा छ वटा वाणिज्य बैंकले ७५ प्रतिशत, २५ प्रतिशत प्रवर्द्धक र शेयर लगानीकर्तामार्फत जुटाइने छ ।

नेपाल विद्युत् प्रधिकरणसँग विद्युत् खरिद बिक्री सम्झौता हुँदा हिउँदयामको विद्युत् खरिददर आठ रूपैयाँ ४० पैसा र वर्षायामको दर चार रूपैयाँ ८० पैसा कायम भएको छ । आयोजनाबाट हिउँदमा एक सय ३० गिगावाटबाट रु एक अर्ब नौ करोड र बर्खामा २७७ गिगावाटबाट रु एक अर्ब ३३ करोड आम्दानी हुने प्रक्षेपण छ ।

पछिल्लो बाढी पहिरोबाट सबैभन्दा बढी यही विद्युत् आयोजना निर्माणस्थल रहेको अन्नपूर्ण गाउँपालिका प्रभावित भएको छ । छ जनाको ज्यान गएको यस गाउँपालिकामा भौतिक संरचनामा ठूलो क्षति पुगेको छ । अध्यक्ष भारतकुमार पुनका अनुसार प्रसारण लाइनको टावर र तार बाढीले बगाएपछि म्याग्दी र मुस्ताङका १७६ मेगावाट क्षमताका छ वटा जलविद्युत् आयोजना बन्द भएका छन् ।

अन्नपूर्ण-१ दोवाको भीरकाटे पारिका दुई र धिरच्याङको एउटा प्रसारण लाइनको टावर बगाएको छ । दाना-खुर्कोट प्रसारण लाइनबाट केन्द्रीय प्रणालीमा विद्युत् आपूर्ति गराउँदै आएका अन्नपूर्ण-४ को भूगोलमा पर्ने नारच्याङमा पाँच मेगावाट क्षमताको घलेम्दीखोला, ४२ मेगावाट क्षमताको म्रिस्त्रीखोला, ३८ मेगावाट क्षमताको निलगिरि-१, ७१ मेगावाट क्षमताको निलगिरि-२ र छ मेगावाट क्षमताको रेलेखोला जलविद्युत् आयोजना बन्द भएका छन् । मुस्ताङको टुकुचेमा रहेको १४ मेगावाट क्षमताको थापाखोला जलविद्युत् आयोजनाको विद्युत् केन्द्रीय प्रणालीमा जोडिन सकेको छैन ।

अन्नपूर्ण गाउँपालिका-४ पोखरेबगरमा रहेको १४ मेगावाट क्षमताको घारखोला जलविद्युत् आयोजनाको विद्युतगृह पहिरोले पुरिएपछि गत साउन अन्तिम सातादेखि बन्द भएको छ । रेलेखोला जलविद्युत् आयोजनाको बाँधमा माथिल्लो क्षेत्रबाट बाढी आएर गेग्रान थुप्रिएको आयोजना प्रमुख दार्शनिक काफ्लेले बताए ।

# सहकारीका ऋणीबाट ११ करोड असुली

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले विभिन्न सहकारी संस्थाको कर्जा असुलीलाई तीव्रता दिएको छ । सरकारले कर्जा असुली न्यायाधीकरण कार्यालयमार्फत सहकारीबाट ऋण लिएर तोकिएको समयमा वा भाका नाघ्दासमेत सावाँ-ब्याज नतिर्ने ऋणीबाट कर्जा असुली गरेको हो ।

चालु आवको असोज १५ गतेसम्म विभिन्न २७ वटा मुद्दाको मिलापत्र र फैसला कार्यान्वयनबाट कार्यालयले सहकारी संस्थाहरूको करिब रु ११ करोड कर्जा असुली गरेको कार्यालय प्रमुख अच्युत श्रेष्ठले जानकारी दिए । उनका अनुसार गत वर्ष असार २५ गते स्थापना भएको कार्यालयलाई कर्जा असुलीसम्बन्धी मुद्दाको सुरुको कारबाही र किनारा गर्ने अधिकार क्षेत्र तोकिएको छ ।

सहकारी संस्थाले आफूले असुलउपर गर्नुपर्ने रकम असुलउपर गर्न नसकेको खण्डमा असुलउपर गराई पाउन ऋण न्यायाधिकरणसमक्ष उजुरी दिएपछि न्यायाधिकरण कार्यालयले सहकारी संस्थाको कर्जा असुलीसम्बन्धी मुद्दाको सुरुको कारबाही तथा किनारा लगाउने गरेको प्रमुख श्रेष्ठले बताए । सहकारी क्षेत्रका लागि आफ्ना ऋणीहरूबाट उठाउन नसकेको कर्जा असुलउपर गर्ने वा गराउने यो पहिलो न्यायाधिकरण हो ।

कर्जा असुलीसम्बन्धी मुद्दा निरूपणका सन्दर्भमा पीडित र पीडकबीच मेलमिलापसहितका कानुनी प्रक्रियाको माध्यमबाट पनि विवाद समाधान गर्ने गरिएको प्रमुख श्रेष्ठले उल्लेख गरे । उनका अनुसार कार्यालयले सहकारी क्षेत्रमा वित्तीय सुशासन प्रवर्द्धन गरी सहकारीका कर्जासँग सम्बन्धित समस्या समाधान गर्ने तथा अदालतमा रहेका मुद्दाको चाप घटाई न्याय प्रणालीलाई चुस्त बनाउने लक्ष्य राखेको छ ।

कार्यालयले सहकारी संस्थाको कर्जा प्रवाह जोखिममा रहेका मुद्दाहरूको छिटो, छरितो एवम् प्रभावकारी ढङ्गबाट सुरु कारबाही र किनारा गरी सम्बन्धित सहकारी संस्थालाई निक्षेप फिर्ता गराउने काम गर्दै आएको प्रमुख श्रेष्ठले जानकारी दिए । उनका अनुसार कर्जा असुलीका मुद्दामाथि प्रारम्भिक कारबाही, दैनिक वा साप्ताहिक पेसी तोक्ने र छिटोछरितो रूपमा निर्णय वा किनारा गर्ने काम हुँदै आएको छ ।

# महिला उद्यमीका उत्पादन प्रवर्द्धन गर्न 'चेम्बर बजार'

■ प्रभाव संवाददाता

**काठमाडौं–** महिला उद्यमी तथा व्यवसायीले उत्पादन गरेका वस्तुको बजारीकरण, प्रवर्द्धन तथा व्यापार विस्तार गर्ने उद्देश्यले काठमाडौंको जमलमा 'चेम्बर बजार' सुरु भएको छ ।

नेपाल महिला चेम्बरको आयोजनामा नेपाल चेम्बर अफ कमर्सको जमलस्थित भवनमा शनिबारदेखि 'चेम्बर बजार' सञ्चालनमा आएको हो । चेम्बर बजारमा खाद्यान्न, लत्ताकपडा, हस्तकलाका सामग्री तथा साल्ट ट्रेडिङलगायतका स्टलहरू रहेका छन् । चेम्बर बजारमा महिला उद्यमी तथा व्यवसायीले उत्पादन गरेका विभिन्न वस्तुका साथै आयात-निर्यातसँग सम्बन्धित सामग्रीको बिक्रीका लागि राखिएको छ ।

सो अवसरमा आयोजित मेला उद्घाटनसत्रमा नेपाल चेम्बर अफ कमर्सकी उपाध्यक्ष उर्मिला श्रेष्ठले महिला उद्यमीका उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउन चेम्बर बजारले सहयोग गर्ने बताइन् । 'महिला उद्यमीका उत्पादनलाई उपभोक्तासम्म पुऱ्याउने हाम्रो प्रयास हो,' श्रेष्ठले भनिन्, 'उत्पादनसँगै व्यवसाय विस्तारका लागि पनि सहयोग पुग्ने छ ।'

महिला उद्यमीले उत्पादन गरेका वस्तुले पर्याप्त बजार नपाउँदा व्यवसाय विस्तारमा समस्या हुने गरेको अवस्थामा उत्पादक र उपभोक्ताबीच प्रत्यक्ष सम्बन्ध स्थापित गर्ने माध्यमका रूपमा चेम्बर बजारलाई अघि बढाउन खोजिएको श्रेष्ठले बताइन् । उनले बजारमा खाद्यान्नलगायत दैनिक उपभोग्य वस्तुहरू सुपथ मूल्यमा बिक्री गर्ने व्यवस्था गरिएको पनि जानकारी दिइन् ।

त्यसैगरी चेम्बरका पूर्वाधार तथा भूमि सुधार समिति सभापति रोशन भयोघोले यस्ता मेलालाई बिस्तार गर्न आवश्यक रहेको बताउँदै महिला उद्यमीका उत्पादनको प्रवर्द्धनसँगै सर्वसाधारण उपभोक्ताले स्थानीय तथा स्वदेशी उत्पादन सहजरूपमा खरिद गर्न पाउने अवसर सिर्जना हुने उल्लेख गरे । त्यस्तै, नेपाल महिला चेम्बरकी सचिव ईरा प्रसाईंले चेम्बर बजारलाई व्यापारिक कारोबारमामात्र सीमित नराखी महिला उद्यमीको आर्थिक सशक्तीकरण, सीप विकास र बजार पहुँच विस्तारको अभियानका रूपमा अघि बढाउने लक्ष्य रहेको बताइन् ।

'चेम्बर बजारलाई केवल व्यापारिक मेला नभई महिला उद्यमीको आर्थिक सशक्तीकरण, सीप विकास र बजार पहुँच विस्तार गर्ने अभियानका रूपमा अघि बढाउने उद्देश्य हो,'



प्रसाईंले भनिन्, 'महिलालाई आफ्ना उत्पादनको बजार विस्तार गर्ने अवसर दिनुका साथै नयाँ उद्यम सुरु गर्न चाहने महिलालाई पनि व्यवसायमा आकर्षित गर्ने लक्ष्य छ ।' मेलाकी संयोजक अनिता अमात्य श्रेष्ठले बजारमा उत्पादनको बिक्री तथा प्रवर्द्धनसँगै उद्यमशीलता विकाससम्बन्धी गतिविधिसमेत सञ्चालन गरिने बताइन् । त्यस्तै, नेपाल महिला चेम्बरकी सल्लाहकार नीलम ताम्राकारले यस मेलाले महिला उद्याशीलता प्रवर्द्धनमा टेवा पुने विश्वास व्यक्त गरिन् ।

यस मेलाको अवसरमा उद्यम गरिरहेका तथा व्यवसाय सुरु गर्न इच्छुक महिलाका लागि सरकारी प्रक्रिया, व्यवसाय सञ्चालन तथा व्यवस्थापनसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको आयोजकले जनाएको छ । यसैगरी सीप तथा व्यावसायिक तालिम, महिला स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम र निःशुल्क स्वास्थ्य परीक्षणजस्ता गतिविधिसमेत चेम्बर बजारसँगै सञ्चालन गरिने छन् । जमलबाट सुरु भएको चेम्बर बजारलाई आगामी दिनमा काठमाडौंमामात्र सीमित नराखी देशका अन्य प्रमुख सहर तथा विभिन्न क्षेत्रमा विस्तार गर्ने योजना रहेको नेपाल महिला चेम्बरले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित **मुद्रण**: एक्प्रेस कलर प्रेस, **कार्यालय**: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, **विज्ञापनका लागि**: marketing2prabhab@gmail.com, **प्रबन्ध निर्देशक**: कृष्ण कार्की, **सम्पादक**: विष्णु तामाङ